
# लेखापरीक्षण प्रतिवेदन

## हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/405

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री नगर प्रमुख ज्यू,
हनुमान नगर कंकालिनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
सप्तरी जिल्ला।

**कैफियतसहितको राय।**

हामीले हनुमान नगर कंकालिनी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

**१.** नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२० करोड ५८ लाख ४७ हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु. ४ लाख ५ हजार समेत गरी रु.२० करोड ६२ लाख ५२ हजार समावेश गरेको छैन ।

**२.** नगरपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू.१६ करोड ८६ लाख ३४ हजार, समपूरक अनुदान रू.१ करोड ३७ लाख ७ हजार र विशेष अनुदान रू.१ करोड ५२ लाख ४ हजार समेत रू.१९ करोड ७५ लाख ४५ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.६ करोड ६४ लाख ६६ हजार बचत रहेको छ । उक्त रकम आर्थिक

वर्षको समाप्ति पश्चात् सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।

**३.** नगरपालिकाको रु.९४ करोड ४५ लाख ९५हजारको लेखापरीक्षण गरिएकोमा रू.३ करोड ८६ लाख १७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा नगरपालिकाबाट प्राप्त प्रतिक्रिया अनुसार रु.६३ लाख ७७ हजारको फछ्र्यौटभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड ६२ लाख ९४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.३३ लाख १८ हजार, नियमित गर्नुपर्ने रु.२० लाख ७९ हजार र पेश्की बाकी रु.१ करोड ५ लाख ४९ हजार समेत यष वर्ष रू.३ करोड २२ लाख ४० हजार बेरुजु कायम रहेको छ । नगरपालिकाको गत वर्षसम्म रु. २० करोड २२ लाख ५२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.१० लाख ३० हजार सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजु रु.२३ करोड ३४ लाख ६२ हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।**

**४.** नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय

जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७१ | २७ | ३,८६,१७,४४४ | २ | ४ | ६३,७७,४२५ | ० | ६९ | २३ | ३,२२,४०,०२० | १,६२,९४,२४२ | २०,७९,००० | ३३,१७,७७९ | ० | ० | ५३,९६,७७९ | १,०५,४९,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सप्तरी | २०,२२,५२,००० | | १०,३०,४१३ | २०१२२१५८७ | | ३,२२,४०,०२० | २३३४६१६०७ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५८ | शिक्षा तर्फ | ३,३९,५०० |
| ४ | २०८०/८१ | ५३ | पालिकाबाट सम्पादन गर्नुपर्ने कार्य अन्य संस्था तथा सेवा परामर्शबाट सम्पादन | २०,८६,००० |
| ५ | २०८०/८१ | ६६ | तालिम कार्यक्रम, अनुगमन निरिक्षण तथा सहभागि भत्ता | १८,१५,५५० |
| ६ | २०७९/८० | ७५ | स्यालो ट्युवेल | ६,५६,६६३ |
| ७ | २०७९/८० | ११४ | म्याद थप नभएको कर्मचारीको तलब भुक्तानी | ५७,००० |
| ९ | २०७९/८० | १२१ | तालिम तथा कार्यक्रम | ३,१६,७५० |
| १० | २०८०/८१ | २१ | गत आ.व. को भुक्तानी | २१,३६,३७५ |
| जम्मा | | | | ७४,०७,८३८ |

# (८०२१५४०९३०० - हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडारहेको छ भने क्षेत्रफल ११८.१९ वर्ग किलोमिटर तथा ५१९२६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।९।७ देखि २०८१ ।९।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजस्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. ६००१२५८७.३७, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ६००१२५८७.३७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको देहाय अनुसार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | छात्रवृत्तीको बाँकी रकम लेखापरीक्षणको क्रममा असुली भई दाखिला भएको । | २६५२०० |

## २ वित्तीय प्रतिवेदन

वित्तीय व्यवस्था

यस वर्ष पालिकाको सुत्र (SuTRA) को २७० बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ११,६८,०३,१५६.८२ | ०.०० | ११,६८,०३,१५६.८२ | ११,२७,२८,१६७.१९ | ०.०० | ११,२७,२८,१६७.१९ |
| १३००० | अनुदान | | ३२,८५,७९,३३७.७७ | ०.०० | ३२,८५,७९,३३७.७७ | ३५,३५,६६,६९१.५३ | ०.०० | ३५,३५,६६,६९१.५३ |
| १४००० | अन्य राजस्व | | ४४,५२,०७१.८४ | ०.०० | ४४,५२,०७१.८४ | ०.०० | ०.०० | ०.०० |
| क | **कुल जम्मा प्राप्ति** | | ४४,९८,३४,५६६.४३ | | ४४,९८,३४,५६६.४३ | ४६,६२,९४,८५८.७२ | | ४६,६२,९४,८५८.७२ |
| ३ | चालु | | ३३,२६,७७,०८२.३६ | ०.०० | ३३,२६,७७,०८२.३६ | ३३,६९,०५,५४४.४५ | ०.०० | ३३,६९,०५,५४४.४५ |
| २१००० | पारिश्रमिक / सुविधा | | २०,९८,९२,२४८.४२ | ०.०० | २०,९८,९२,२४८.४२ | २१,८५,७३,८५०.५८ | ०.०० | २१,८५,७३,८५०.५८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,३३,३३,३९५.८९ | ०.०० | ७,३३,३३,३९५.८९ | ८,९४,२८,०९६.५९ | ०.०० | ८,९४,२८,०९६.५९ |
| २५००० | सहायता (Subsidy) | | २,७५,५९,७९०.१० | ०.०० | २,७५,५९,७९०.१० | ७१,२८,६३१.७८ | ०.०० | ७१,२८,६३१.७८ |
| २७००० | सामाजिक सुरक्षा | | २,०१,०७,२६१.९५ | ०.०० | २,०१,०७,२६१.९५ | ८४,४०,२९४.५० | ०.०० | ८४,४०,२९४.५० |
| २८००० | अन्य खर्च | | १७,८४,३८६.०० | ०.०० | १७,८४,३८६.०० | १,३३,३४,६७१.०० | ०.०० | १,३३,३४,६७१.०० |
| ४ | पूंजीगत | | १४,५९,०२,०८०.५० | ०.०० | १४,५९,०२,०८०.५० | १७,८३,३४,१३८.१९ | ०.०० | १७,८३,३४,१३८.१९ |
| ३१११० | भवन तथा संरचना | | २,३४,५४,४०९.०० | ०.०० | २,३४,५४,४०९.०० | ३९,९०,१४४.६८ | ०.०० | ३९,९०,१४४.६८ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४४,५२,९९२.०० | ०.०० | ४४,५२,९९२.०० | १,५४,८९,०५४.०० | ०.०० | १,५४,८९,०५४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३९,५४,२४८.०० | ०.०० | ३९,५४,२४८.०० | ३४,९१,५४८.०० | ०.०० | ३४,९१,५४८.०० |
| ३११४० | सुरक्षा उपकरण | | १,२६,५६,७५३.०० | ०.०० | १,२६,५६,७५३.०० | ४१,२०,४४९.०० | ०.०० | ४१,२०,४४९.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १०,१३,८३,६७८.५० | ०.०० | १०,१३,८३,६७८.५० | १५,०९,४८,८८५.५१ | ०.०० | १५,०९,४८,८८५.५१ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | ९६,०५७.०० | ०.०० | ९६,०५७.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | १,९८,०००.०० | ०.०० | १,९८,०००.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ४७,८५,७९,१६२.८६ | | ४७,८५,७९,१६२.८६ | ५१,५२,३९,६८२.६४ | | ५१,५२,३९,६८२.६४ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (२,८७,४४,५९६.४३) | | (२,८७,४४,५९६.४३) | (४,८९,४४,८२३.९२) | | (४,८९,४४,८२३.९२) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | (१,१९,४१,०८०.८२) | | (१,१९,४१,०८०.८२) | ४५,४७,५२८.२४ | | ४५,४७,५२८.२४ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | (२६,५३४.००) | | (२६,५३४.००) | (७६,८५८.००) | | (७६,८५८.००) |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात** | | (४,०६,८५,६७७.२५) | | (४,०६,८५,६७७.२५) | (४,४३,९७,२९५.६८) | | (४,४३,९७,२९५.६८) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **(बचत /(कमी)) ( ङ = ग+घ)** | | | | | | | |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | ७,९२,३८,१७९.५६ | | ७,९२,३८,१७९.५६ | १२,४४,६८,६५२.२४ | | १२,४४,६८,६५२.२४ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ३,८५,५२,५०२.३१ | | ३,८५,५२,५०२.३१ | ८,००,७१,३५६.५६ | | ८,००,७१,३५६.५६ |

स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाको सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट IPFMS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेकोले अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

वित्तीय विवरणको यथार्थताः पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाइन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा, आन्तरिक आय आय तथा खर्च सुत्रमा यथर्थ लेखाङ्कन गरेको छैन । जसले गर्दा सुवबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोवार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ३ बजेट पेश, पारित र अख्तियारी तथा सिमा निर्धारण समिति

३.१ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्षले मिति २०८०।६।२९ गते रु ६१ करोड १५ लाख ५९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सोही दिन पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।७।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

३.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ४ नीति तथा मार्गदर्शन

पालिकाको आ.व. २०८०।८१ को नीति तथा मार्गदर्शन २०८० असार ७ गते नगरसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । नगरसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि पालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्ः

· बालश्रम, बालविवाह, छुवाछुत तथा कुसंकार मुक्त नगर घोषणा गर्ने

· राष्ट्रिय योजना आयोगको समन्वय तथा सहकार्यमा खाद्य प्रणाली रुपान्तरण कार्यक्रम सञ्चालन गरी जनताको खाद्य उत्पादन र उपभोग पद्दतिमा सुधार ल्याउने

· सहकारी संस्थाको दर्ता तथा नियमन कार्यलाई व्यवस्थित गर्न सहकारी ऐनलाई समयानकुल परिमार्जन गर्ने,

· नगरपालिका भित्र बसोवास गर्ने विपन्न तथा गरिबहरुको तथ्यांक संकलन गरी अभिलेखीकरण गर्ने,

· यस नगरपालिका क्षेत्र भित्र रहेका निरक्षर व्यक्तिहरुको लागत संकलन गरि आवश्यक कार्यक्रमको व्यवस्था गरि साक्षर नगर घोषणा गर्ने,

· नगरपालिकाले गर्नु पर्ने सरसफाई सम्बन्धी कार्य सार्वजनिक निजी साझेदारीबाट सञ्चालन गर्ने नीति लिने,

· प्रदूषण गर्नेले शुल्क तिर्ने (Polluter pays principle) भन्ने अवधारणा अनुरुप फोहोरमैला सङ्कलन हुने वडाका नागरिकलाई जवाफदेही बनाउन फोहोरमैला सङ्कलन वापत शुल्क लगाउने,

· यस नगरपालिका भित्रका पोखरी, धार्मिक पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरु लगायतका उत्कृष्ट पर्यटकीय गन्तव्यको खोजी तथा लागत संकलन गरी संरक्षण र सम्बर्द्धनमा जोड दिने,

· यस नगरपालिकाका वडा कार्यालयको सिफारिसमा ज्येष्ठ नागरिकलाई स्याहार सुसार गर्ने एक वडाबाट कम्तिमा एक जना सन्ततिलाई श्रावण कुमार पुरस्कारद्वारा नगरले सम्मान गर्ने,

· नगरपालिका श्रोतले सम्भव नभएको योजनाहरुको आयोजना बैंक तयार गर्ने र उक्त योजनाहरुको समयमै विस्तृत परियोजना प्रतिवेदन तयार गरी समबन्धित निकायमा पेश गरिने व्यवस्था मिलाउने,

· नगरभित्रका विपद जोखिम क्षेत्रको नक्साकन तथा वस्तीहरुको पहिचान गरी स्थानान्तरणको लागि आवश्यक प्रकृयाको थालनी गर्ने,

· नापी र मालपोत कार्यालयहरुको सहकार्यमा नगरपालिका भित्रका सरकारी तथा सार्वजनिक जग्गाहरुको विवरण तयार गरी सार्वजनिक जग्गा छुट्याई वृक्षारोपण गर्ने,

· यस आ.व.मा नगरपालिकाले कार्य सम्पादनका आधारमा उत्कृष्ट कर्मचारी छनोट गरी पुरस्कृत गर्ने नीति अवलम्बन गर्ने, आदि ।

५ **कार्यक्रमहरू कार्यान्वयन नभएको**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ को लागि रू. ६१ करोड १५ लाख ५९ हजारको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ४८८ वटा कार्यक्रम मध्ये यस वर्ष १३८ वटा कार्यक्रमहरू कार्यान्वियन गरेको पाइएन । कार्यान्वियन नभएका प्रमुख कार्यक्रमहरू देहाय अनुसार छन् ।

(रू. हजारमा)

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन |
|---|---|---|---|---|
| १५ | कर्मचारी अक्षयकोष | २१२१४ | राजस्व बाँडफाँड - प्रदेश सरकार | २००० |
| ३१ | विभिन्न निर्देशिका र कार्यविधिहरुको लागि | २२४११ | राजस्व बाँडफाँड - संघीय सरकार | १००० |
| ३२ | जग्गा वर्गीकरण सम्बन्धी सेवा परामर्श खर्च | २२४११ | आन्तरिक श्रोत | १००० |
| ११९ | प्रदेश सरकार सम्पुरक कार्यक्रम | ३११५९ | मधेश प्रदेश - समपुरक अनुदान पुँजीगत | २००० |
| १४२ | सतन माझीको घर देखि कुशेश्वर माझीको घर सम्म अधुरो सडक निर्माण कार्य | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ९०० |
| १८७ | सा. वडा नं. ३ र ४ मा सडक स्तरोन्नति कार्य | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ६०० |
| १८९ | पलट रा प्रा वि अर्जि वि पि आधारभुत अर्जि र मधवापुर स्वास्थय चौकीको लागि वाउण्ड्री वाल निर्माण कार्य | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ७०० |
| ३३८ | मेयर कप खेलकुद प्रतियोगिता | २२५२९ | नेपाल सरकार - समानिकरण अनुदान | १००० |
| ३७२ | मकैको विउ वितरणमा ५० प्रतिशत अनुदान | २२५२१ | नेपाल सरकार - समानिकरण अनुदान | १००० |
| ३८७ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | २१११११ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | २०७२ |
| ४२४ | संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्ट (स्वीकृत परियोजना सञ्चालन निर्देशिका र कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार खर्च गर्नुपर्ने) | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ वर्ल्ड बैक - ट्रष्ट कोष - सोधभर्ना अनुदान (बैदेशिक)] | ७०० |
| ४४५ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | २५३११ | नेपाल सरकार - शसर्त अनुदान चालु | १२६१ |
| ४६० | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २५३११ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | १७३५ |
| ४६६ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | २५३१२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)] | ६४८ |
| ४७४ | पोषण सुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूको आयआर्जन सुधार कार्यक्रमको गर्न अनुदान | २७११२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)] | ६०० |
| ४८१ | जिता नदी झो.पु हनुमान नगर कंकालिनि-14 बाबाडीहबार थान देखि दक्षिण कोशी तटबन्ध झो.पु. हनुमान नगर कंकालिनी-१४ सप्तरी | ३११५१ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ८०० |
| ४८७ | प्रदेश सरकार विशेष अनुदान कार्यक्रम | ३१११२ | मधेश प्रदेश - विषेश अनुदान पुँजीगत | ३००० |

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा चालु खर्च खातामा रु. १५३४९८५०.३४ र पुँजीगत खर्च खातामा रु २८३२२४४०.८४ समेत गरी रु. ४३६७२२९१.१८ मौज्दात रहेकोमा २०८१ साल साउन ८ गतेमा संचित कोषमा ट्रान्सफर गरेको ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको २०७ जनाको दरबन्दी रहेकोमा ११२ जना पद रिक्त रहेको पाइयो । रिक्त पद पूर्तिको लागि लोक सेवा आयोगमा माग गरी पठाएको पाइएन ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।

• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. १४ करोड ५९ लाख २ हजार खर्च भएकोमा दोस्रो त्रैमासिकमा १ करोड ११ लाख ७९ हजार अर्थात ७.६६ प्रतिशत तेस्रो त्रैमासिकमा रु. १ करोड ४ लाख ४९ हजार अर्थात ७.१६ प्रतिशत र चौथो त्रैमासिकमा रु. १२ करोड ४२ लाख ७४ हजार अर्थात ८५.१८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ९ करोड १ लाख ८ हजार अर्थात ६१.७५ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

रु हजारमा

| क्र.स. | बजेट उपशीर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजीगत खर्चतर्फ | १४५९०२ | 0 | १११७९ | १०४४९ | १२४२७४ | ९०१०८ |
| | प्रतिशत | ६८.८८ | 0 | ७.६६ | ७.१६ | ८५.१८ | ६१.७५ |

८ **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. १ करोड ४४ लाख १८ हजार, गत वर्षको मौज्दात रू. ८ करोड ५४ लाख ७२ हजार राजस्व बाँडफाँट रू. १० करोड ८९ लाख ७० हजार, अनुदानबाट रु. ३९ करोड ५० लाख ४५ हजार, अन्तर सरकारी अख्तियारीबाट रू. २० करोड ६२ लाख ५२ हजार, विविध आय रू. ७६ लाख समेत रू. ८१ करोड ७७ लाख ५७ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३३ करोड २६ लाख ७७ हजार र पूँजीगत तर्फ रु. ३५ करोड २८ लाख ५८ हजार समेत रु. ६८ करोड ५५ लाख ३५ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा २.१० प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू. १ करोड ७२ लाख ८३ हजार खर्च भएको छ जुन आन्तरिक आयको १.२० गुणा बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ४८.५२ प्रतिशत चालु र ५१.४८ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स. | **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|---|
| 1 | आर्थिक विकास | 61879 | 42099 | 8.80 |
| 2 | सामाजिक विकास | 261336 | 206256 | 43.10 |
| 3 | पूर्वाधार विकास | 155435 | 106140 | 22.18 |
| 4 | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 9500 | 4009 | 0.84 |
| 5 | कार्यालय सञ्चालन तथा प्रशासनिक | 134650 | 120075 | 25.09 |
| | **जम्मा** | 622800 | 478579 | 100.00 |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४३.१० प्रतिशत र सबै भन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र क्षेत्रमा ०.८४ प्रतिशत बजेट विनियोजन गरेको छ ।

## १० अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बाँकी रहेको रकम संघीयको सरकारको रु. ६६१७२४९५.२३ आर्थिक वर्ष समाप्त भए पछि कोष फिर्ता गरेको विवरण पेश गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | 221011000 | 168634175.77 | 52376824.23 |
| | विषेश | 28000000 | 15204329 | 12795671 |
| | अन्य सासु लगायत | 206251972 | 206251972 | 0 |
| **प्रदेश सरकार** | शसर्त | 0 | 0 | |
| | विषेश | 0 | 0 | |
| | अन्य | | | |
| | **जम्मा** | | | ६६१७२४९५.२३ |

## ११ अस्थाई ज्यालादारी तर्फ

पालिकाले आ व २०८०।८१ मा ज्यालादारी डोर हाजिर सेवा तर्फ २५ जना कर्मचारी राखी कुल रु २९५१६५०।०० भुक्तानी गरेको देखिन्छ। निजहरुसंग गरेको सम्झौतामा कार्य विवरण नखुल्ने तथा मासिक हाजिर वडाध्यक्षद्धारा प्रमाणित गर्ने गरेको आधारमा भुक्तानी गरेको देखिन्छ।

## १२ योजना छनोट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ पालिका योजना २०८०।८१ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागतप्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहाय अनुसार छन् ।

(रकम रू. हजारमा)

| विवरण | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| योजना संख्या | २ | १० | ४८ | ४९ | ८६ | १९५ |
| रकम | ६५ | १३१५ | १३८६२ | ३७४७० | १५९०८८ | २११८०० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाख माथिका समेत जम्मा १९५ वटा योजना सञ्चालन गरेकोमा रू. १० लाख भन्दा मुनिका मात्र ९९ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू सञ्चालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१३ **वार्षिक कार्यक्रम र प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमेजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन ।कार्यालयले लेखापरीक्षणमा पेश गरेको विवरण अनुसार १९५ वटा कार्यक्रम मध्ये ७ वटामा शून्य प्रगति, १ वटामा २५ प्रतिशत भन्दा घटी प्रगति र १ वटामा ५० प्रतिशत भन्दा कम प्रगति हासिल भएको विवरण पेश भएको छ । तोकिएको ढाँचामा कार्यक्रमगत प्रगति प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश हुनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १९५ | ७ | १ | १ | 0 |

१४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि १२ औ नगरसभाबाट उक्त प्रतिवेदन पारित गरेको देखिन्छ । पारित प्रतिवेदन अनुसार प्रस्तावित दरबन्दी स्थायी तर्फ वडा तहसम्म विभिन्न पदमा ३४ र करार तर्फ विभिन्न पदमा ६६ गरी कुल १०० रहेको देखिन्छ।

स्वीकृत दरबन्दी मध्ये लेखापरीक्षण अवधि सम्म ३३ जना स्थायी र १३१ जना सेवा करार पदपूर्ती भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शाखा अधिकृत, लेखा अधिकृत, कानून अधिकृत सहितका पदहरु रिक्त रहेका छन् ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

पालिकाले यो वर्ष तलबभत्तामा रु १८६८६४५१४।०० र करार सेवा शुल्कबाट रु १०५९१०४७।०० खर्च गरेको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा स्थानीय तहको राजस्व क्षमतालाई खासै ध्यान दिएको देखिएन ।

१५ **करार कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।३।२७ च नं १२१ को परिपत्र अनुसार अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने र सोही ऐनको दफा २८ मा अनुदान रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार वित्तिय समानिकरण अनुदानको लागि प्रशासनिक खर्च प्रयोजनमा खर्च गर्न मिल्ने देखिंदैन।

पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा स्थानीय तहको राजस्व क्षमतालाई खासै ध्यान दिएको देखिएन। आन्तरिक आय कमजोर रहेको पालिकाले आफ्नो आयको करिव गुना बढी तलब भत्तामा खर्च हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत दरबन्दी सिर्जना गरेर उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु१३१९२३६४ ।०० भुक्तानी गरेको पाइयो ।ऐनको व्यवस्था विपरीत तथा दरबन्दी वेगर करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएन ।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| सुचना प्रविधि अधिकृत | १ | ५७७९५७।०० |
| सब इन्जिनियर | १ | ४६१४९०।०० |
| रोजगार संयोजक | १ | ५७७९५७।०० |
| प्राविधिक सहायक | १ | ४६१४९०।०० |
| एम आई एस अपरेटर | २ | ९२२९८०।०० |
| फिल्ड सहायक | १ | ४३७७२६।०० |
| खा पा ट से | १ | ६०६३३६।०० |
| प्रा स | १ | ४०३९५०।०० |
| कम्प्यूटर अपरेटर | १ | ४६१४९०।०० |
| सहायक कम्प्यूटर अपरेटर | १ | ४३७७२६।०० |
| तथ्यांक सहायक | १ | ४३७७२६।०० |
| सरसफाई सुपरभाईजर | १ | ३८१९३०।०० |
| उद्यम विकास सहजकर्ता | २ | ८७५४५२।०० |
| ना प्रा स | ४ | १७५६१३६।०० |
| ना पशु सेवा प्राविधिक | २ | ८७५४२६।०० |
| पशु स्वास्थ्य प्राविधिक | १ | ४३७७२६।०० |
| अ हे व | ३ | ११६९१९०।०० |
| अ न मि | ५ | १९०९६५०।०० |
| | १३१९२३६४।०० | |

१६ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१७ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०८०/८१ मा कन्टिन्जेन्सी बापत रू. 48 लाख 30 हजार कट्टी गरेको छ । उक्त रकम मध्ये रू. 48 लाख 30 हजार नै खर्च भएको विवरण पालिकाले पेश गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

१८ **खर्च सार्वजनिकीकरण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष उपभोक्ता समितिमार्फत योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पसपूर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । कार्यालयले नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ ।

१९ **सम्पत्ति व्यवस्थापन र सुरक्षा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानको अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार पारी प्रतिवेदन गर्नुपर्दछ कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनुपर्दछ ।

२० **गत आ.व. को भुक्तानी**

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,१३६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

२१ **बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. 14 करोड 59 लाख 02 हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२३ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलबबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । साथै कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

२४ **विविध खर्च**

महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट वार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शिर्षकमा रु. 45 लाख बजेट व्यवस्था गरेकोमा रु.४४ लाख ९९ हजार खर्च गरेको छ ।उक्त खर्च अन्तर्गत अधिकाशं खर्च होटलको बिल पेश हुने गरेको, बिलमा सयौको संख्यामा खाजा खानाको बिल पेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ ।औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

विविध खर्चका केही उदाहरणहरु

| गो भौ नं मित | खर्च रकम | कैफियत |
|---|---|---|
| २३।२०८०।७।१९ | २१६६२५।०० | पशुपती कोल्ड स्टोर्स |
| ३१।२०८०।७।२२ | २०९८१५।०० | मुकेश स्विट्स हाउस |
| ४२१।२०८१।३।२ | १४७२००।०० | मुकेश स्विट्स हाउस |

२५ **डीपीआर खर्च**

डीपीआर खर्च –बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | विस्तृत परियोजना तयारी | एस.पी आर्किटेक्ट एण्ड इन्जिनियरिंग | 1500000 | 1492165 |
| २ | विस्तृत परियोजना तयारी | इजी वर्ल्ड इन्जिनियरिंग प्रा लि | 500000 | 494940 |
| ३ | विस्तृत परियोजना तयारी | ह्याबब्रिक कन्सल्टेन्सी | 500000 | 490646 |
| ४ | विस्तृत परियोजना तयारी | काजल इन्जिनियरिंग प्रा लि | 500000 | 496070 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरू कार्यान्वयनमा गएको समेत देखिएन ।

२६ **बैक हिसाब**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण स्रेस्तामा भन्दा बैंकमा रू. 8255818.3।- बढी भएकोले मे.ले.प.फा. नं. २१२ को ढाँचामा बैंक हिसाब मिलान विवरण तयार गर्नु पर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1 | संचित कोष | 36021380.46 | 44277198.72 | 8255818.3 |
| 2 | विविध कोष खाता | 1206746.72 | 1206746.72 | 0 |
| 3 | आकस्मिक कोष खाता | | | 0 |
| 4 | पूँजीगत खाता | | | 0 |
| 5 | धरौटी खाता | 10079955.33 | 10079955.33 | 0 |
| 6 | चालू खाता | | | |
| 7 | विपद व्यवस्थापन कोभिड | | | |
| | जम्मा | 47308082.51 | 55563900.77 | 8255818.3 |

२७ **प्रगति प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

२८ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले ऐन कानून, कार्यविधि तयार गरेको भनेकोमा के कति तर्जुमा भएको सो को अभिलेख रहेको देखिएन । कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२९ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरूको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १४ | १४ | १२ | २ |

३० **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(१) अनुसार पेश्की फस्यौट हुनुपर्दछ। देहाय अनुसार कर्मचारी पेश्की रू. ३६१००००।- मोविलाईजेशन पेश्की रू. ७७२९४३६ र संस्थागत पेश्की रू. ६९३९०००।- समेत रू. १८२७८४३६।- पेश्की भुक्तानी भएकोमा आ.व.को अन्त्य पेश्की फस्यौट भएको छैन । निर्माण व्यवसायीला्इ भुक्तानी दिएको मोविलाईजेशन पेश्की रू ६९३९०००।- सम्झौता अनुसार फस्यौट हुनु पर्दछ र कर्मचारी पेश्की रू. ३६१००००।- र संस्थागत पेश्की रू. ६९३९०००।- समेत रू. १०५४९०००।– नियमानुसार फस्यौट नभएको रू. १०५४९०००।-

| गो. भौ. न. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ति फर्म वा कम्पनीको नाम | |
|---|---|---|---|---|
| १ | कर्मचारी | | | |
| २९८ | १२/२७/२०८० | आर्थिक सहायता | प्रदिप भगत | ३०००००. |
| ३६० | ०२/०६/२०८१ | आर्थिक सहायता | शिवेन्द्र प्रसाद मण्डल | ९६००००. |
| ४७७ | ०३/१८/२०८१ | नगर चाडपर्व साहित्य एव कला संस्कृति संरक्षण तथा प्रवर्धन कार्यक्रम | संजय कुमार वर्मा | १५००००. |
| ६५२ | ०३/१८/२०८१ | कर्मचारी तालिम खर्च | अमित पाठक | ५०००००. |
| २३६ | ०३/२४/२०८१ | विपद व्यवस्थापन कार्य | अमित पाठक | ५५००००. |
| ६६३ | ०३/२४/२०८१ | जनप्रतिनिधि भ्रमण अवलोकन खर्च | अमित पाठक | ८०००००. |
| ६६३ | ०३/२४/२०८१ | पदाधिकारी नविनतम शासन अध्ययन अवलोकन कार्यक्रम | अमित पाठक | ३५००००. |
| जम्मा | | | | ३६१००००. |
| २ | ठेकेदार | | | |
| १४ | ०१/०९/२०८१ | महुली खोला पुल निर्माण हुनमाननगर कंकालिनी | बि.पि./ न्यू आशुतोष/ अमरेन्द्र जे/भी | २१०००००. |
| १५ | ०२/०६/२०८१ | भेटरीनरी अस्पताल निर्माण ह.क.न.पा. वडा नं.-५ | कंचन कन्ट्रक्शन कम्पनी प्रा.लि. | ५२०४४३६. |
| २४० | ०३/२४/२०८१ | चंद्रजीत साहको बाँसदेखि साहु पोखरीसम्म सडक स्तरोन्नति | समीर निर्माण सेवा | ४२५०००. |
| जम्मा | | | | ७७२९४३६. |
| ३ | संस्थागत | | | |
| २१ | ०३/१४/२०८१ | भारदह बहुमुखी क्याम्पस निर्माण ह.क.न.पा. वार्ड नं.-१ | बस्नेत- उदय जे.भी. | ६९३९०००. |
| जम्मा | | ० | | ६९३९०००. |
| कुल जम्मा | | | | 18278436.00 |

| | |
|---|---|
| पेश्की | १,०५,४९,००० |

## ३१ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

## ३२ सामान खरिदमा गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११५ अनुसार सार्वजनिक निकायलाई प्राप्त हुने मालसामान तोकिएको स्फेसिफिकेशन तथा गुणस्तर अनुसार भए नभएको गुणस्तर निरीक्षण समितिले निरीक्षण वा परीक्षण गर्नुपर्ने तथा सो को प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ट्रक्रे खरिद गर्दा अधिकांशमा स्फेसिफिकेशन नखुलाई खरिद गरेको तथा स्फेसिफिकेशन तथा गुणस्तर परीक्षण गरेको देखिएन । स्फेसिफिकेशन स्पष्ट खुलाउने तथा स्फेसिफिकेशन तथा गुणस्तर परीक्षण गराउनेतर्फ पालिकाले ध्यान दिएको समेत पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

### ३३ म.ले.प. फारमहरूको प्रयोग

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख सवारी साधन तथा मेशिन प्रयोगको लगबुक रसिद नियन्त्रण खाता भ्रमण प्रतिवेदन कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरू आंशिक रूपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

### ३४ कर्मचारीलाई सोधभर्ना भुक्तानी

पालिकाले इलेक्ट्रोनिक फण्ड ट्रान्सफर प्रणाली लागु भएपश्चात पनि विभिन्न समानहरु खरिद भएका फर्म तथा पार्टीहरुलाई सिधै भुक्तानी नदिई कर्मचारी मार्फत भुक्तानी दिएको पाइयो । यसरी भुक्तानी दिने प्रवृत्तिमा सुधार हुनुपर्दछ । केही उदाहरण निम्न छन

| गो भौ नं मिति | कामको विवरण | भुक्तानी पाउने कर्मचारी | रकम |
|---|---|---|---|
| ३३।२०८०।७।२३ | नगर सभा संचालन गर्दा समाग्री आपूर्ति वापतको रकम प्रिया टेण्ट हाउसको विल संलग्न गरि कर्मचारीलाई भुक्तान गरेको | का स संजय कुमार वर्मा | ८४३०० |
| ७३।२०८०।८।१५ | नगर चाडपर्व साहित्य एवं कला संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यकम अन्तर्गत विभिन्न पर्वमा फुल तथा ड्रेस खरिद वापत भुक्तानी गरेको | का स विनोद कुमार रजक | १९५००० |
| ४४२। २०८१।३। १३ | वडा स्तरिय खेलकुद कार्यक्रम शिर्षकवाट ११ नं वडाको खेलकुद तथा सांस्कृतिक कार्यक्रम वापतको रकम भुक्तानी | वडा सचिव राम भरोस यादव | १००००० |
| ४५२। २०८१।३। १७ | स्वास्थ्य संस्थाहरुको विध्धुत महशुल वापतको रकम भुक्तानी | जनस्वास्थ्य निरिक्षक महेन्द्र प्रसाद राउत | १००००० |

### ३५ बेरुजु लगत

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये प्राधिकरणसँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

### ३६ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७५, यो वर्ष थप भएको ३४ वटा समेत १०९ उजुरी रहेकोमा यो वर्ष ३ वटा उजुरी फस्र्यौट गरी १०६ वटा उजुरी बाँकी रहेको विवरण पेश भएको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ३७ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । तर पालिकाले यस वर्ष रु. २४ लाख ४२ हजार आर्थिक सहायता कार्यविधि वेगर वितरण गरेका छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

**साँस्कृतिक महोत्सव तथा पर्व खर्च**: स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरूको छनोटमा ध्यान दिनु पर्दछ साथै पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता र अनुदान वितरण गर्नु पर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरूमा केन्द्रीत भई योजना कार्यान्वयन गर्नु पर्नेमा पालिकाले नगर चाडपर्व साहित्य एवं कला संस्कृति संरक्षण तथा प्रवद्धन शिर्षकमा खर्च गरेको छ । उक्त खर्च मध्ये प्राय खर्चहरु विभिन्न चाडपर्वहरुमा आर्थिक सहयोग गरेको विल भरपाई तथा तोकादेशको आधारमा आर्थिक सहायता स्वरुप भुक्तानी गरेको देखिन्छ । आर्थिक सहायता वितरणको मापदण्ड तयार नगरि तथा वितरित रकमको उपयोग, उपलब्धिको लेखाजोखा तथा वितरीत अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन र सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन ।आर्थिक सहायता भुक्तानी गर्दा कार्यविधि वनाई सो बमोजिम मात्र खर्च गर्नुपर्नेमा पेश गरेको विल भरपाई आधारमा रकम भुक्तानी गर्दा उक्त रकम खर्चको प्रभावकारी उपयोग भएको भनेर विश्वस्त हुन सकिएन ।

केही उदाहरणहरु

| गो भौ नं।मिति | कार्यक्रम | रकम |
|---|---|---|
| ५४।२०८०।८।६ | छठ पर्वमा आर्थिक सहयोग बापत जिवछ यादवलाई भुक्तानी | २५०००।०० |
| ६९।२०८०।८।१३ | दुर्गा पुजामा आर्थिक सहयोग | ३१०००।०० |
| ७३।२०८०।८।१५ | चाडपर्वमा फुल तथा जर्सि खरिद वापत का स विनोद कुमार रजकलाई भुक्तानी | १९५०००।०० |
| ७९।२०८०।८।१९ | सामा चकेवा पर्व वापत बशु चौधरीलाई भुक्तानी | २५०००।०० |
| ८७।२०८०।८।२२ | दुर्गा भगवती पुजा वापत श्यामकुमार मण्डललाई भुक्तानी | ५१०००।०० |
| ८८।२०८०।८।२२ | श्री श्री १०८ कंकालीनी मन्दिर विकास समितिलाई छठ पुजा संचालन वापत सहयोग | १५००००।०० |
| ९१।२०८०।८।२५ | उपेन्द्र मुखियालाई दुर्गा पुजामा सहयोग | १०००५।०० |
| ९२।२०८०।८।२५ | जागेश्वर प्रसाद सुतिहारलाई लक्ष्मीपुजा वापत सहयोग | १५०००।०० |
| | | |

उल्लिखित कमजोरीहरु सुधार गरी यस्ता खर्चलाई निश्चित मापदण्डभित्र राखी सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।

## ३८ सेवाप्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार विभिन्न कानून स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता १२११ वटा, मृत्यु दर्ता २९२ वटा, बसाइँसराइ ८२ वटा, विवाह दर्ता ३३३ वटा, सम्बन्ध विच्छेद दर्ता २ वटा गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

## ३९ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५६ वटा सहकारी संस्था रहेका छन्। यी मध्ये समस्याग्रस्त सहकारीको विवरण पालिकामा नभएको उल्लेख छ । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

४० **विविध खर्च**

**<u>प्रमाण संलग्न नरहेकोः- आ</u>**र्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम नं. ५७ अनुसार लेखा उत्तरदायी अधिकृतले बील,भर्पाई,सर सामानको भौतिक जाँच तथा अन्य कागजात जाँच गरी/गराइ दुरुस्त रहेको यकीन गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ तर निम्नानुसारको भुक्तानीमा कुनै पनि प्रमाण संलग्न नरहेको वा यथेष्ट प्रमाण नरहेको देखिएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नु पर्ने देहाय अनुसारको रू. ६७०४८१।-

| **भौचर नं.र मिति** | **भुक्तानी पाउने** | **रकम रु.** | **कैफियत/विवरण** |
|---|---|---|---|
| **<u>न.पा.चालु</u>** | | | |
| 346-081/2/1 | नगरसभा संचालन खर्च,भत्ता भुक्तानी | 60,775/- | वितरण भर्पाई संलग्न नरहेको |
| 637-081/3/24 | वडा नं. 2माखेलकुद सामाग्री खरिद गरी वितरण कार्यक्रम | 1,78,600/- | वितरण भर्पाई संलग्न नरहेको |
| **<u>न.पा.पुँजीगत</u>** | | | |
| 114-081/3/20 | वडा नं. 1 मा अधुरो रिसिप्सन भवन निर्माण कार्य | 4,602/- | आपुर्तिकर्ता माँ सरस्वती हार्डवेयरको हस्तलिखित बीजक नं. 424 र ४२३ को भ्याट दाखिला प्रमाण पेश गर्नुपर्ने |
| 168-081/3/23 | वडा नं. 10 मा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम- सुजित कुमार चौधरी | 5,075/- टायपिङ्ग खर्च 6,000/- हल भाडा | -प्रतिवेदन वापतको खर्च बापत रकम भुक्तान भइसकेपछि पनि टाइपिङ्ग खर्च भुक्तान भएको अवश्यक प्रमाण<br>-जनता आधारभुत विद्यालय इनर्वाले भत्ता बुझेको भर्पाइ संलग्न नरहेको |
| 238-081/3/24 | वडा नं. ७मा कृषि सामाग्री वितरण कार्य | 2,85,427/- | सामाग्री वितरण भर्पाइ संलग्न नरहेको |
| 291-081/3/24 | वडा कार्यालय र नगर ल्याब कोठा व्यवस्थापन कार्य | 1,15,002/- | फोटोकपी वीजक पेश भएकोले सक्कल बीजक पेश गर्नुपर्ने(जम्मा रकम 14,13,546/-) |
| 294-081/3/24 | साबिक वडा नं.2मा सडक स्तरोन्नती तथा नाला निर्माण | 15,000/- | फोटोकपी वीजक पेश भएकोले सक्कल बीजक पेश गर्नुपर्ने(जम्मा रकम 5,62,672/-) |
| | **जम्मा प्रमाण पेश गर्नुपर्ने** | **6,70,481/-** | |
| | | | |

**<u>बढी भुक्तानी -</u>** आर्थक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 नियम नं. 57 बमोजिम महालेखा नियन्त्रकको स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने तथा लेखा उत्तरदायी अधिकृतले बील, भर्पाई तथा अन्य कागजात जाँच गरी, यकीन गरी, प्रमाणित गरेर मात्र भुक्तानी दिनुपर्ने प्रावधान रहेको छ यद्यपी निम्न भुक्तानीहरु बीजकभन्दा बढी भुक्तानी भएकोले असुल उपर गर्नुपर्ने देहाय अनुसारको रू. ५०५०।-

| **भौचर नं. र मिति** | **विवरण** | **बढी भुक्तानी रकम रु.** |
|---|---|---|
| **<u>न.पा. पुँजीगत</u>** | | |
| 65-081/2/29 | ल्याब टेस्ट वीजक रु.16,950/- | 5,050/- |
| | भुक्तानी रकम रु.22,000/- | |
| | **जम्मा असुल उपर** | **5,050/-** |

**<u>कार्यविधीको व्यवस्था अनुकुल नहुने कार्य -</u>** संघीय सरकार सशर्त अनुदान अन्तर्गतको दिगो वन व्यवस्थापन कार्यमादिगो बन व्यवस्थापन कार्यविधी अनुसार बन प्राविधिकको छनौट नभइसकेको अवस्थामा नयाँ मोटरसाईकल खरिद गरिसकेको पाइन्छ ।यस्तै नयाँ मोटरसाइकल खरिद भएको, कार्यविधिमा समेत मर्मत शिर्षकमा खर्चको व्यवस्था नभएको अवस्थामा मर्मत खर्चको बील रु.39,375/- भुक्तानी भएकोले सो भुक्तानी सम्बन्धी अन्य व्यवस्था भएमा सो को प्रमाण पेश गर्ने अन्यथा असुल उपर गर्ने रू. ३९३७५।-

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,१४,९०६ |

४१ **ईन्धन तथा मर्मत सम्भार खर्च**

सरकारी लेखा निर्देशिका,२०७३ को बुँदा नं ४.७.३ अनुसार ईन्धन माग गर्दा माग फारम स्वीकृती गरी माग गर्ने र ईन्धन प्रयोग भइसकेपछि प्रयोग भएको विवरण तथा परिमाण सहित तोकिएको ढाँचामा लग बुक पेश गर्नुपर्ने व्यवस्था छ। साथै पुँजीगत सम्पत्तिको मर्मत सम्भार गर्दा सम्बन्धीत कर्मचारीबाट मर्मत सम्भार गर्नुपर्ने सामानको विवरण लिई लागत अनुमान तयरा गरी जाँच गरी खरीद शाखाले अख्तियार प्राप्त अधिकारीबाट स्वीकृती लिई मर्मत सम्भार कार्य गराउनु पर्दछ र मर्मत सम्भारगरिएका सामान मर्मत सम्भार गरिएका समान मर्मत सम्भार भएको कुरा सम्बन्धीत सवारी साधन वा मेसिनरी सञ्चालन गर्ने कर्मचारी वा प्राविधिकबाट प्रमाणित गराई मर्मत गरिएको पुरानो पाटपुर्जा सामान भण्डारमा फिर्ता गरी सोको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था उल्लेख छ।तर पालिकाले देहायबमोजिम ईन्धन र मर्मत सम्भार खर्च लेखाकंन गरेकोमा ईन्धन तथा मर्मत सम्भारको अभिलेख नराखेको लगबुक प्रमाणित गरि राख्ने नगरेको एवं मर्मत सम्भार गरेका पुराना सामानहरु भण्डारमा फिर्ता सम्म नगरेकोले कार्यालयले यसरी निर्देशिका विपरीत खर्च गर्ने कार्य बन्द गर्नुपर्दछ।

| गो.भौ.र मिति | विवरण | रकम |
|---|---|---|
| १७।०८०।७।१० | ईन्धन - रिद्धी सिद्धी ट्रेड कन्सर्न | ९७६९९६।०० |
| १८।०८०।७।१० | ईन्धन - रिद्धी सिद्धी ट्रेड कन्सर्न | ५७७४०८।०० |
| ३८।२०८०।७।२४ | ईन्धन - रिद्धी सिद्धी ट्रेड कन्सर्न | ११३६१७।०० |
| ८९।२०८०।८।२२ | ईन्धन - रिद्धी सिद्धी ट्रेड कन्सर्न | १३७७९०।०० |
| ३९५।२०८१।२।२४ | मेशिनरी संचालन तथा मर्मत- उषा ईन्टरप्राईजेज | ७४७६९।०० |
| ४२९।२०८१।३।५ | ईन्धन - रिद्धी सिद्धी ट्रेड कन्सर्न | १६२२४६।०० |
| ४३४।२०८१।३।६ | मेशिनरी संचालन तथा मर्मत- ईष्ट्रर्न अटोप्वाईन्ट | २६६६८८।०० |
| ४६६।२०८१।३।१८ | मेशिनरी संचालन तथा मर्मत- जय पाथीभरा अटो प्रा लि | १९२३८८।०० |
| ६९५।२०८१।३।२४ | मेशिनरी संचालन तथा मर्मत- भद्रकाली महालक्ष्मी ईन्टरप्राईजेज | ५९९७३८।०० |

## ४२ **भ्रमण खर्च**

मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
• कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।
• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

## ४३ **जरिवाना भुक्तानी**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८,बमोजिम धारा विजुली तथा टेलिफोन महशुल समयमै भुक्तानी नगरी जरिवाना लागेमा सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले विद्युत महशुल तथा सवारी साधन नविकरण समयमा तिरी संस्थाले उपलब्ध गराएको छुटको सुविधा लिनुपर्नेमा ढिलो गरी भुक्तानी गर्दा विलम्ब शुल्क समेत तिरेको हुदा मापदण्डको पुर्णरुपमा पालना गरेको देखिएन ।विलम्ब शुल्क नतिर्ने गरी आन्तरिक नियन्त्रण प्रणाली बनाउन पर्दछ ।

| गो भौ नं मित | विलम्ब शुल्क | कैफियत |
|---|---|---|
| ४९।२०८०।८।५ | ४३४३५।०० | नेपाल विद्युत प्राधिकरण |
| ५०।२०८०।८।५ | ६०२९।०० | नेपाल विद्युत प्राधिकरण |
| ४२६।२०८१।३।५ | १०२४५।०० | नेपाल विद्युत प्राधिकरण |

## ४४ **विल भरपाई निर्णय तथा प्रमाण वेगरको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार

भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहाएका क्रियाकलाप संग सम्बन्धित विल भौचर प्रमाण संलग्न नभएको साथै बढी भुक्तानी गरिएको रु.

| गो भौ नं मिति | बजेट शिर्षक | क्रियाकलाप | लागत | कैफियत |
|---|---|---|---|---|
| ४३६। २०८१। ३।१३ | कार्यालय संचालन तथा मसलन्द | जिल्ला प्रशासन कार्यालय सप्तरीलाई ईन्भर्टर व्याट्री तथा सोलार कन्भट किट उपलब्ध गराएको विलको आधारमा भुक्तानी | १८१९३० | जिल्ला प्रशासन कार्यालय सप्तरीलाई हस्तान्तरण गरेको तथा जिन्सी दाखिला गरेको प्रमाण पेश नभई न्यू माईक्रोल्याण्ड कम्प्यूटर एण्ड सप्लायर्सबाट जारी विजकको आधारमा भुक्तानी गरेको |
| ४४२। २०८१। ३।१३ | वडा स्तरिय खेलकुद प्रतियोगिता तथा सास्कृतिक कार्यक्रम | वडा नं ११ मा वडा स्तरिय खेलकुदका लागि रु५०००० तथा सांस्कृतिक कार्यक्रम वापत रु ५००००गरि रु१००००० वडा सचिवलाई भुक्तानी | १००००० | कार्यक्रमको तालिका खेलाडी तथा प्रतियोगिको विवरण आदी केही पनि स्पस्ट्र नभएको |
| | | | प्रमाण पेश नगरेको | २,८१,९३० |

४५ **अन्य कार्यालयको खर्च**

२३३-२०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । रम्पुरा मल्हिनिया प्रहरी चौकीलाई भान्सा घर निर्माण वापत रू.६० हजार खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

४६ **अर्गि खोलामा आर.सि.सि. पुल निर्माण**

ठेक्का नं EGP/NCB/ARG/BRIDGE/HNGR-01/76-77 को २०७७।३।१५ मा निर्माण व्यवसायी श्री ए.एन.के. कन्स्ट्रक्सन सँग २०७९।४।२५ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ८,९१,२४,१५७। भएको कार्य रु ७,८४,९९,७९८। मा सम्झौता भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

**कार्य ढिलाई तथा पेस्कीः** सार्वजनिक खरिद ऐनको दफा ५२(क) को(६) मा लिएको पेस्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको पेस्की अग्रिम बैङ्क जमानत जफत गरी लिनुपर्ने, **Standard Bid Document** को **SCC** को बुदाँ नं. ४८.३ मा मासिक कार्यसम्पादन प्रमाणको आधारमा पेस्की फछर्यौट गर्नुपर्ने र सार्वजनिक खरिद नियमावलीको नियम ११३(६)मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र नगरेको कारणले यस नियम बमोजिमको पेस्की फछर्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम(३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फछर्यौट गर्नुपर्नेतथा निजबाट त्यस्तो पेस्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीश्री ए.एन.के. कन्स्ट्रक्सनले अर्गि खोलामा आर.सि.सि. पुल निर्माणसम्म सडक स्तरोन्नति गर्न गो.भौ.नं. २४२ मिति २०७७। ०३।२५ बाट रु ६९,००,०००। तथा गो.भौ.नं. २८ मिति २०७७।०७।२७ बाट रु ६९,००,०००। गरी जम्मा रु १,३८,००,०००। पेस्की लिएकोमा उक्त पेस्कीको जमानत अवधि समाप्त भइसकेको तथालेखापरीक्षणको समयसम्म कार्यतालिका बमोजिम कार्य प्रगतीनभएको तथा सम्झौता अवधिको ८० प्रतिशत अवधि यर्थात २०७८।११।२४ सम्म पेश्की रकम फर्छयौट गरिसक्नु पर्नेमा सो नगरेकोले फर्छयौट गर्न बाँकि पेस्की रकम रु ७६२६६१७। अग्रिम बैङ्क जमानतबाट जफत गरी असुल गर्नुपर्दछ।

**रुग्ण ठेक्काः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ मा निर्माण व्यवसायी सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनुपर्ने र सार्वजनिक निकायले खरिद सम्झौताको कार्यान्वयनको सुपरीवेक्षण गर्नुपर्ने, नियम १२० मा तोकिएबमोजिमको समयमा कार्य नहुने खरिद सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गरी कार्यसम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी जफत गरी त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानुनबमोजिम कारवाही गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले सम्झौताबमोजिम २५महिनाभित्र पुरै कार्य सम्पन्न गर्नुपर्नेमा सो अवधि समाप्त भई

लेखापरीक्षण अवधिसम्म सो म्याद बित्तेको ३०महिना बढि भईसक्दा सम्म छैठों रनिङ्ग बीलसम्म रु ६००८२५६५। यर्थात ७६.५४ प्रतिशत मात्र कार्यभएको तथा तोकिएको प्रक्रिया नपुर्‍याई म्याद थपको भएको देखिन्छ। उक्त कार्य गर्न २५महिनाको सम्झौता गरेकोमा ५५महिना बितिसक्दा समेत कार्य सम्पन्न नगरेकोले नियम १२० बमोजिमको कारवाही गरेको देखिदैन। तसर्थ निर्माण व्यवसायीलाई नियम १२० बमोजिमको प्रक्रिया अगाडी बढाई कार्यसम्पादन जमानत रु ३९,७७,९८२। जफत गरी त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानुनबमोजिम कारवाही गर्नुपर्दछ।

**मुल्य समायोजनः** सार्वजनिक खरिद ऐनको दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा मूल्य समायोजन गर्न सकिने तथा उपदफा (२) मा उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौता बमोजिमको काम सो सम्झौता उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने तथा सम्झौताको जि.सि.सि. मा समेत सोही कुरा उल्लेख छ। कार्यालयले सम्झौतामा उल्लेख भए बमोजिम मासिक कार्य प्रगति विवरण तथा नेपाल राष्ट्र बैकको थोक मूल्य सूची (**Wholesale Price Index(Reindex)**) को आधारमा श्रम, सामाग्री र उपकरणको अलग अलग मूल्य सूचीलाई आधार लिई मूल्य समायोजनको रकम भुक्तानी गरेको देखिएन। यस ठेक्कामा निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी दिदा रनिङ्ग बिल र कर बिजक पेश गरेको मिति (**Invoiced Date)** भन्दा ३० दिन पहिलाको सम्बन्धित महिनाको श्रम, सामाग्री र उपकरणको मूल्य सूची (**Price Index**) लाई आधार मानी मूल्य समायोजन हिसाब (**Price Adjustment)** गणना गरी भुक्तानी दिएकोमा श्रम, सामाग्री र उपकरणको **Base Value** राख्दा फरक परेको, मासिक कार्य प्रगति विवरण, पेश्की फछ्यौंटमा समेत मुल्य समायोजन दिएको तथा **Index** को **Calculation** गर्दा प्रयोग गर्नु पर्ने **Index** भन्दा फरक ईन्डेक्स प्रयोग हुन गएकोतथा निर्माण व्यवसायीको ढिलाईको कारण बढी समय लागेको अवधि (फ्रिज गर्नुपर्ने मितिपछि) मा समेत मुल्यसमायोजन भुक्तानी दिएको कारण निम्नानुसार रु **६६८३९०।** बढी मूल्य समायोजन भुक्तानी भएको पाईयो। यसरी बढी भुक्तानी भएको मूल्य समायोजन रकम मु.अ.कर समेत सम्बन्धी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. **६६८३९०।**

| **रनिङ्ग बील** | **दिनुपर्ने** | **दिएको** | **बढी** | | |
|---|---|---|---|---|---|
| **फ्याक्टर** | **रकम** | **फ्याक्टर** | **रकम** | | |
| चौथो | १.१९७८ | १३५३८८८। | १.२२४८ | १५३८९०७। | १८५०१९। |
| पाचौं | १.१९६१ | ९९४६७५। | १.२२४८ | ११४०४०६। | १४५७३१। |
| छैठौं | १.१९६१ | १७७९७०५। | १.२२४८ | २०४०४५१। | २६०७४६। |
| | | | | | ५९१४९६।३९ |
| | | | | मु.अ.कर | ७६८९४ |
| | | | | | **६६८३९०।** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६८,३९० |

## ४७ प्रमुख निर्माण गतिविधिको परिमाण निर्धारण

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

## ४८ हनुमाननगर अस्पताल

ठेक्का नं EGP/NCB/HBUILD/ HNGR-02/76-77 को २०७७।६।११ मा निर्माण व्यवसायी श्री पाराडाइज।इनोभेटिभ जे. भी. सँग २०७८।३।१० सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ७,०४,४१,८९७। भएको कार्य रु ४,४०,१३,०२४। मा सम्झौता भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

**कार्य ढिलाई तथा पेस्कीः** सार्वजनिक खरिद ऐनको दफा ५२(क) को(६) मा लिएको पेस्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको पेस्की अग्रिम बैङ्क जमानत जफत गरी लिनुपर्ने, **Standard Bid Document** को **SCC** को बुदाँ नं. ४८.३ मा मासिक कार्यसम्पादन प्रमाणको आधारमा पेस्की फछर्यौट गर्नुपर्ने र सार्वजनिक खरिद नियमावलीको नियम ११३(६)मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र नगरेको कारणले यस नियम बमोजिमको पेस्की फछर्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम(३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फछर्यौट गर्नुपर्नेतथा निजबाट त्यस्तो पेस्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीश्री पाराडाइज।इनोभेटिभ जे. भी.ले हनुमाननगर निर्माण गर्न गो.भौ.नं. १८ मिति २०७७।११।२० बाट रु २७,००,०००। तथा गो.भौ.नं. ११ मिति २०७७।११।०९ बाट रु ५०,००,०००। गरी जम्मा रु ७७,००,०००। पेस्की लिएकोमा उक्त पेस्कीको जमानत अवधि समाप्त भइसकेको तथालेखापरीक्षणको समयसम्म कार्यतालिका बमोजिम कार्य प्रगति नभएको तथा सम्झौता अवधिको ८० प्रतिशत अवधि यर्थात २०७८।०१।१० सम्म पेश्की रकम फर्छयौट गरिसक्नु पर्नेमा सो नगरेकोले फर्छयौट हुन बाँकि रु ७७०००००। फर्छयौट गर्नुपर्दछ।



**रुग्ण ठेक्काः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ मा निर्माण व्यवसायी सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनुपर्ने र सार्वजनिक निकायले खरिद सम्झौताको कार्यान्वयनको सुपरीवेक्षण गर्नुपर्ने, नियम १२० मा तोकिएबमोजिमको समयमा कार्य नहुने खरिद सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गरी कार्यसम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी जफत गरी त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानुनबमोजिम कारवाही गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले सम्झौताबमोजिम ९महिनाभित्र पुरै कार्य सम्पन्न गर्नुपर्नेमा सो अवधि समाप्त भई लेखापरीक्षण अवधिसम्म सो म्याद बित्तेको ४५महिना बढि भईसक्दा सम्म तेश्रो रनिङ्ग बीलसम्म रु २०१४७०१२। अर्थात ४५.७७ प्रतिशत मात्र कार्यभएको तथा तोकिएको प्रक्रिया नपुर्‍याई म्याद थप भएको देखिन्छ। उक्त कार्य गर्न ९महिनाको सम्झौता गरेकोमा ५४महिना बितिसक्दा समेत कार्य सम्पन्न नगरेकोले नियम १२० बमोजिमको कारवाही गरेको देखिदैन। तसर्थ निर्माण व्यवसायीलाई नियम १२० बमोजिमको प्रक्रिया अगाडी बढाई कार्यसम्पादन जमानत र३९२५०००। जफत गरी त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानुनबमोजिम कारवाही गर्नुपर्दछ।

**खर्च अनुपात** -समपूरक अनुदानसम्बन्धी कार्यविधि (तेश्रो संशोधन) २०७७ को बुँदा ६ मा मा संचालित कार्यक्रममा संघीय सरकारलेअधिकतम ५० प्रतिशत अनुदानप्रदान गर्न सक्ने उल्लेख छ। सो बमोजिम कार्यालयले यसबर्ष संघीय सरकार समपुरक अनुदान अन्तर्गत निम्नानुसारका योजना कार्यान्वयन गरेकोमा निर्माण व्यवासयीसंग भएको सम्झौता अनुसार भुक्तानी गर्दा संघ सरकारको बढी र

पालिका श्रोतबाट व्यहोरिने खर्च न्यून गरेको छ । निम्नानुसारका योजनामा सम्पन्न भएको कामको आधारमा संघ सरकारबाट बढी खर्च लेखेकोले समपुरक अनुदान अनुसार खर्च अनुपातमा खर्च गरेको प्रमाण पेश गर्नुपर्ने अन्थया फिर्ता गर्नुपर्ने रु

| योजनाको नाम | योजनाको कूल खर्च | समपुरक श्रोतवाट गर्नुपर्ने खर्च | समपुरक श्रोतवाट गरेको खर्च | बढी खर्च |
|---|---|---|---|---|
| कदमाहा खोला पुल | १०५२७१४६। | ९८९९५४४। | ६२७६०२। | ४६३५९७१। |
| महुली खोला पुल | २४११५७५०। | २८३५४४४। | २६३६३८३। | ९४२१४९२। |
| जम्मा | | | | १४०५७४६३। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४०,५७,४६३ |

४९ **निर्माणसम्बन्धी लेखा फाराम**

सरकारी लेखा निर्देशिका, २०७३ बमोजिम सार्वजनिक निर्माणको लेखा राख्ने जिम्मेवारी आर्थिक प्रशाासन शाखा प्रमुख हुने र सार्वजनिक निर्माणको लेखाको प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टाछट्टै लागत अनुमान, कार्य अभिलेख खाता, आइटमवाईज कार्य अभिलेख खाता, ठेक्केदारको व्यक्तिगत खाता, नापी किताब नियन्त्रण अभिलेख, डोर हाजिरी नियन्त्रण किताब, लगायतका अनुसुची तथा स्वीकृत म.ले.प.फारमहरु प्रयोग गरी अभिलेख राख्नुपर्दछ। कार्यालयले यस वर्ष समेत निर्माण सम्बन्धी नयाँ म.ले.प.फा.नं. ५०० देखि ५१४ सम्म फारामहरु प्रयोग गरेको पाइएन। यसबाट तोकिएका विवरणहरु तोकिएको ढाचाँमा प्राप्त नहुने तथा तोकिएको अभिलेख नराख्दा दोहोरो रुपमा सार्वजनिक निर्माण कार्य नभएको तथा आर्थिक अनुशासन र पारदर्शिता कायम भएको यकिन गर्न सकिने देखिएन।

**नापी किताब र नापी किताब नियन्त्रण खाताः** लेखा निर्देशिका २०७३ मा कार्यालयले ठेक्का वा अमानत वा अन्य प्रकृयाबाट के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्बन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी किताबमा अभिलेख राखी सम्पत्ति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्दछ । यो किताब लुज सिटमा नराखी सुरुमा नापी नं. प्रत्येक आर्थिक वर्षका लागि क्रम सङ्ख्या नं. १ बाट सुरु गरी सिलसिलेबार रूपमा राख्नपर्दछ । नापी किताबको मुल अभिलेख राख्न नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) प्रयोग गर्नुपर्दछ । नापी किताब मुद्रित हुना साथ यस खातामा दर्ता गरी सम्बन्धित प्राविधिकलाई नापी किताब दिदाँ यस अभिलेख खातामा चढाएरमात्र दिने गर्नुपर्दछ । कार्यालयले तोकिएको प्रक्रिया पुर्याइ नापी किताब तयार तथा नापी किताब नियन्त्रण खाता राखेको छैन । यसकारण गतविगतमा भई सकेको कार्य पुनः दोहोरिएको हुन सक्ने सम्भावना धेरै देखिन्छ ।

**ठेक्का अभिलेखः** महालेखा नियन्त्रक कार्यालयले चालु तथा सम्झौता गरिएका ठेक्काहरुको गोश्वारा लगत राख्न अर्थाथ ठेक्काको समष्टिगत अभिलेख राख्न म.ले.प.फा.नं. ५०७ को व्यबस्था गरेको छ। कार्यालयले सो फाराममा सबै व्यहोरा खुलाई ठेक्काको अभिलेख राखेको पाइएन। यस्तो अबस्थामा ठेक्का अनुसार के कति काम भई भुक्तानी भएको छ, जमानतहरुको अबधि तोकिए अनुसार बहाल रहेको छ छैन भन्ने व्यहोराका अतिरिक्त अन्य व्यहोरा समेत अनुगमन मुल्याङ्कन तथा लेखापरीक्षण गर्न समेत सहज हुनेमा सो ढाँचामा अभिलेख अद्याबधिक गरी राखेको पाइएन।

५० **२६३-२०८१।३।२४ सम्झौताभन्दा बढी कार्यको भुक्तानी**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ । सो बमोजिम बि.ओ.क्यु. परिमाणको सिमाभित्र रही भुक्तानी दिनुपर्नेमा चर्पी निर्माण उपभोक्ता समितिलाई उक्त कार्य वापत रू. १०२५००९।– भुक्तानी गरेको छ । देहाय अनुसारको आइटमको भुक्तानी गर्दा बि.ओ.क्यु. परिमाण उल्लेख नभएको आइटम तथा उल्लेखित परिमाण भन्दा बढी परिमाणको भुक्तानी दिएको देखियो। उक्त कार्यको प्राविधक पुष्ट्याइ गरी भेरियसन आदेश स्वीकृतिको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | विवरण | सम्झौता अनुसारको परिमाण | नापी अनुसारको परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १ | Brick soling work | ० | ७२.१६ | १०२५.९ | 74028.9 |
| २ | Brick Masonry work | ४४.९५ | ४३.४ | १६०५६.७ | 24887.89 |
| ३ | Reinforcement | ४५.८७ | ६४.५१ | १४१.९३ | 2645.58 |
| ४ | Providing and applying 12.5 cement plaster (1:4) | २२०.०६ | ३०८.७८ | ३४२.३१ | 30369.7 |
| ५ | 28 gauge CGI cheet | ८९.२८ | १३३.६५ | ९९६.१६ | 44199.6 |
| ६ | UPVC pipe for distribution system | १११.८३ | ० | ३९६ | 44284.68 |
| | जम्मा | | | | 220416.4 |
| | | | | प्रमाण पेश नगरेको | २,२०,४१६ |

५१ **बीजक भन्दा बढी मूल्यांकन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपार्ाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । उपभोक्ताले यसरी पेश गरेका वील भपाईले उपभोक्ताको वास्तविक खर्चलाई देखाउँछ । कार्यालयले देहाय अनुसारका उपभोक्ता समितिहरूलाई सिमेन्ट प्रयोग निर्माण हुने संरचनामा सिमेन्टको जिल्ला दररेट रू. १०१७ (मू.अ.कर समेत) को दरले हुने मूल्य कामय गरी दर विश्लेषण अनुसारकै मूल्यमा उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । देहाय अनुसारका उपभोक्ता समितिहरूले पेश गरेको विजक भन्दा फरक मूल्यांकन गरी भुक्तानी गरेको पाइयो । प्राविधिकले गरेको नापी अनुसार प्रयोग गरेको परिमाण अनुसार खरिद परिमाण र मूल्यांकनका आधारमा भुक्तानी गर्नुपर्दछ।

| भौ.नं. मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | परिमाण | सिमेन्टको परिमाण | खरिद मूल्य | फरक दर |
|---|---|---|---|---|---|---|
| २९५-२०८१।३। २४ | अधुरो सडक वलेक्षण घरदेखि संजय घरसम्म पिसिसी | PCC Work M15 | १०.४४८ | ५७.५३ बोरा | ६६६.७ | ३५०.३ |
| २९६-२०८१।३। २४ | वडा नं. ४ को वडा कार्यालय भवन | PCC for Rcc 1:1.5:3 | ५३.८७ | ४३०.९६ | ६६६.७ | ३५०.७ |
| १९१-२०८१।३। २४ | वडा कार्यालय र नगर ल्याव कोठा व्यवस्थापन | PCC for Rcc 1:1.5:3 | १६.३९ | १३१.१२ | ७०९.६४ | ३०७.३६ |
| २७३-२०८१।३। २४ | साफी टोलमा सडक स्तरोन्नति उ.स. | PCC for Rcc 1:1.5:3 | ६१.५७ | ४९२.५६ | ७११.९० | ३०५.१० |

५२ **सम्झौताभन्दा बढी कार्यको भुक्तानी**

२९९-२०८१।३।३१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ । सो बमोजिम बि.ओ.क्यु. परिमाणको सिमाभित्र रही भुक्तानी दिनुपर्नेमा अधुरो रहेको कोशिका मन्दिर निर्माण उपभोक्ता समितिलाई उक्त कार्य वापत रू. ४७८९००।– भुक्तानी गरेको छ । 12.5 Cement Plaster Work 1:4 कार्य सम्झौता अनुसार ९०.२० भएकोमा भेरिएसन आदेश वेगर १३१.८ नापीमा देखाई भुक्तानी गरेको छ । बि.ओ.क्यु. परिमाण भन्दा ४१.५ घनमिटरको प्रति एकाई रू. ४२४.९२ को दरले रू.

१७६७६.६७ बढी भुक्तानी दिएको देखियो। उक्त कार्यको प्राविधक पुष्ट्याई गरी भेरियसन आदेश स्वीकृतिको प्रमाण पेश गर्नुपर्ने रु. १७६७६.६७

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,६७६.६७ |

### ५३ पालिकाबाट सम्पादन गर्नुपर्ने कार्य अन्य संस्था तथा सेवा परामर्शबाट सम्पादन

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,०८६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

### ५४ उपभोक्ता समितिहरू मार्फत सरकारी भवनहरू निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था छ । सोही नयमावलीको नियम नियम ९७ को उपनियम (१२) अनुसार निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु व्यवस्था छ । पालिकाले देहाय अनुसारका उपभोक्ता समितिहरू मार्फत सरकारी भवनहरू निर्माण गराई भुक्तानी गरेको छ । प्रतिस्पर्धाबाट कार्य गराउन सिमित हुने गरी नियम विपरित सरकारी भवनहरू उपभोक्ता समितिबाट निर्माण गराई भुक्तानी गरेका केही उदाहरण देहाय अनुसार छन् ।यस् कार्यमा सुधार हुनु पर्दछ ।

| गो.भौ. नं.नं./मिति | उपभोक्ता समितिको नाम | भुक्तानी |
|---|---|---|
| २९१-२०८१।३।१४ | वडा कार्यालय र नगर ल्याव कोठा व्यवस्थापन | १४१३५४६ |

### ५५ कन्टिजेन्सी अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा वर्क चार्ज र स्टाफ खर्चमा २ प्रतिशत र अन्य साना तिना खर्च २ प्रतिशत खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविध स्वीकृत गराई गर्नुपर्दछ।कटेन्जेन्सी रकम योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक आयोजनाको खर्च (मु.अ.करबाहेक) बाट छुटयाउनुपर्ने र कार्यक्रम स्वीकृत गरी वर्क स्टाफ चार्जमा २ प्रतिशत र अन्य सानातिना कार्यमा २ प्रतिशतको सीमाभित्र आवश्यकता अनुसार कन्टिजेन्सी खर्चको व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो राख्ने गरेको छैन। यसकारण कटेन्जेन्सी खर्च नियमानुसार खर्च भएको यकिन गर्न विश्वस्त आधार देखिएन। तसर्थ, नियमानुसार कन्टिजेन्सी खर्चको अभिलेख राखी कन्टिजेन्सी खर्च मितव्ययी तथा प्रभावकारीतवरले खर्च गर्नुपर्दछ।

### ५६ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले डिजिटल वडापत्र मुन साइन टेक्नोलोजी सम्बन्धी १ वटा सफ्टवेयर खरिद गरी रु. ४ लाख ९८ हजार खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

### ५७ सार्वजनिक सुनुवाई

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ को दफा ५ मा स्थानीय निकायले सार्वजनिक निकायले सार्वजनिक सुनुवाई गर्नको लागि सहजकर्ता र बजेट व्यवस्थापन सम्बन्धि व्यवस्था गरेको छ । जस अन्तर्गत कार्यक्रम विषय केन्द्रित गर्न सहजकर्ता तोकी

पारिश्रमिक दिन सक्ने र श्रव्य दृश्य निर्माण, प्रतिवेदन तयारी, चियापान र सामाग्री प्रसारणमा खर्च गर्न सक्ने व्यवस्था उल्लेख गरेको छ । कार्यालयले सहजकर्ता व्यवस्था नगरी दररेट माग गरी नेपाल फेडेरल मिडिया इन्स्टिच्युटबाट ४ वटा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी कुल रु.७ लाख ९३ हजार २६० भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार देखिएको छ ।

क) **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्श सेवा सम्बन्धि कुनै निकायले नर्म्स तयार गरेको भए सोही बमोजिम लागत अनुमान तयार गरी खरिद प्रकृया अगाडी बढाउनु पर्नेमा पालिकाले विनियोजन भएको बजेटको आधारमा के कति खर्चमा कार्यक्रम गर्न सकिन्छ लागत अनुमान माग गरेको देखियो । यसरी लागत अनुमान नबनाई बजेट खुलाएर परामर्शदाता सँग लागत अनुमान माग गर्ने र सोही आधारमा पुन दररेट माग गरी कार्य गराउदा परामर्शदाताले बास्तविक लागतको आधारमा नभई बजेटको आधारमा कार्यक्रम तय गरी दररेट पेश गरेको देखिन्छ ।

**ख) कार्यक्रम प्रतिवेदनः** परामर्शदाताले कार्यक्रमको प्रतिवेदन तयार गरेवापत प्रति कार्यक्रम ५००० लाग्ने प्रस्तावनामा उल्लेख छ । परामर्शदाताले ToR मा उल्लेख भए अनुरुप प्रतिवेदन बनाई पेश गर्नुपर्नेमा प्रतिवेदन पेश नगरेकोले ४ वटा कार्यक्रमको ५००० को दरले हुने रकम रु.२०००० असुल गर्नुपर्ने रु.२००००

**ग) कार्यक्रम प्रशारणः** परामर्शदाताले पेश गरेको प्रस्तावना अनुसार प्रति कार्यक्रम राष्ट्रिय टेलिभिजनबाट ५० मिनेट प्रसारण गरेको ७९५०० र बालबालिका सँग मेयर कार्यक्रम राष्ट्रिय टेलिभिजनबाट २५ मिनेट प्रसारण गरेबापत ३९७५० लाग्ने उल्लेख छ । कार्यक्रम सञ्चालन र श्रव्य दृष्य निर्माण गरी एक दिनको कार्यक्रम (५० मिनेटको) एभिन्यूज टेलिभिजनबाट प्रसारण गरेको प्रमाणपत्र देखिएकोले अन्य कार्यक्रम प्रसारण गरेको नदेखिएको ३ वटा कार्यक्रमको ७९५०० को दरले हुने रकम रु.२३८५०० र बालवालिकासँग मेयर कार्यक्रमको रु.३९७५० गरी कुल रु.२७८४५० असुल गर्नुपर्ने रु.२७८२५०

**घ) भिडियो मिक्सिङ्गः** प्रस्तावनामा भिडियो मिक्सिङ्ग गरे वापत प्रति कार्यक्रम ४००० पेश गरेको तर एउटा भिडियो सामाग्री मात्र तयार गरेको देखिएकोले ३ वटा सार्वजनिक सुनुवाईको ४००० को दरले १२००० र १ वटा बालवालिकासँग मेयर कार्यक्रमको ४००० गरी कुल रु.१६००० असुल गर्नुपर्ने रु.१६०००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१४,२५० |

## ५८ शिक्षा तर्फ

५८.१ **विद्यार्थी संख्याको आधारमा निकासा हुने अनुदान रकमः** कार्यक्रम कार्यान्वय पुस्तिका २०८०।८१ को व्यवस्था बमोजिम भर्ना भएको विद्यार्थी EMIS मा यथार्थ रुपमा प्रविष्टि गर्ने, प्रविष्ट भएको संख्यासँग टाउको गणना विधिबाट संख्या एकिन गरी विद्यार्थी संख्या सत्यापन फारम प्रमाणित गरि यथार्थ संख्याको आधारमा विद्यालयलाई अनुदान उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिका अन्तर्गतका विद्यालयले भरेको EMIS तथ्यांक र टाउको गणना विधिबाट लिएको संख्यामा अस्वभाविक फरक परेको देखिन्छ । विद्यार्थीले भर्ना हुने र विद्यालय छोड्ने, अनुपस्थित हुने लगायतका समस्याले समेत यस्तो फरक परेको हुने सक्ने भएता पनि कतिपय विद्यालयले EMIS को तथ्यांक भर्दा हेलचेक्र्याई गर्दा समेत यस्तो हुन सक्ने देखिन्छ । EMIS को तथ्यांक यथार्थ वनाउन कार्यालयको थप ध्यान जानु पर्ने देखिन्छ ।

५८.२ **प्रति विद्यार्थी लागतमा आधारित सिकाई सामाग्री अनुदानः** कार्यक्रम कार्यान्वय पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतमा आधारित सिकाई सामाग्री व्यवस्थापनको लागि बालविकासका विद्यार्थीको लागि प्रति विद्यार्थी ५००, कक्षा १ देखि ५ सम्मको लागि १५०, कक्षा ६ देखि १० सम्मको लागि २०० र कक्षा ११ र १२ को विद्यार्थीको लागि प्रति विद्यार्थी २५० को दरले एकमुष्ट अनुदान विद्यालयलाई उपलब्ध गराउने उल्लेख छ । पालिकाले यसरी विद्यार्थी संख्याको आधारमा सिकाई सामाग्री अनुदान उपलब्ध गराएको रकम विद्यालयको टाउको गणना मार्फता सत्यापन भएको भन्दा बढी संख्याको लागि रकम निकासा भएकोले बढी निकासा भएको निम्न रकम असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.३९२५०

| सि.नं. | विद्यालयको नाम | जम्मा भुक्तानी | हुनुपर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| 1 | श्री म.मा.वि. हनुमाननगर | २३४६०० | 229100 | 5500 |
| २ | श्री रा.मा.वि. रम्पुरामल्हनिया | 89000 | 78050 | 10950 |
| ३ | श्री शारदा आ.भू.वि. गोबरगाढा | २१२०० | 11900 | ९३०० |
| 4 | श्री मा.वि. मधवापुर | १०५२०० | ९१७०० | १३५०० |
| जम्मा | ४५०००० | ४१०७५० | ३९२५० | |

| असुल गर्नुपर्ने | ३९,२५० |
|---|---|

५८.३ **निशुल्क पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं. २.४.६.१ मा IEMIS अनुसार प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरूलाई निकासा दिने । यसरी निकासा दिँदा पहिलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्याको मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम विधार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिन सकिने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्टि भएको विद्यार्थी संख्याको आधारमा पहिलो पटक ७५ प्रतिशत र खरिद गरेको विलको आधारमा दोस्रो किस्ता भुक्तानी दिएकोमा विद्यार्थीले बुझेको भर्पाई संख्यालाई पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको दरको आधारमा हुन आउने रकम भिडान गर्दा निम्नानुसार विद्यालयको बढी भुक्तानी देखिएको बढी भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट फिर्ता प्राप्त गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.७४४८३

| **विद्यालयको नाम** | **जम्मा निकासा** | **भर्पाई अनुसारको रकम** | **बढी भुक्तानी** |
|---|---|---|---|
| श्री रा.आ.भू.वि. रम्पुरामल्हनिया | 341746 | 339702 | 2044 |
| श्री आ.वि.भलुवा | 81880 | 76276 | 5604 |
| श्री ज.रा.प्रा.वि. अण्डिपट्टी | 48232 | 45397 | 2835 |
| जम्मा | =SUM(ABOVE) 471858 | =SUM(ABOVE) 461375 | =SUM(ABOVE) 10483 |

| असुल गर्नुपर्ने | १०,४८३ |
|---|---|

५८.४ **बालबिकास सहजकर्ताः** कार्यक्रम कार्यान्विय पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. १.१.४.१ मा संघीय सरकारको कोषबाट संचालन अनुमति प्राप्त गरेका बालविकास केन्द्रको लागि बालविकास सहजकर्ताको तलब बापत मासिक १०००० को दरले विद्यालयमा भुक्तानी दिन सकिने व्यवस्था छ । पालिकाले निम्नानुसारको विद्यालयमा १ जना भन्दा बढी बालविकास सहजकर्ता राखि तलब भुक्तानी दिएको देखियो । १ बालविकास केन्द्रमा १ भन्दा बढी सहजकर्ता आवश्यक भएमा विद्यार्थी संख्याको आधारमा दरवन्दी मिलान गरी सोही बमोजिमको बालविकास सहजकर्ता प्रस्ताव गरी संघीय सरकारको अनुदानबाट संचालन गर्ने मान्यता लिएर मात्र तलब निकासा दिनु पर्दछ । उल्लेख भए अनुसार दरवन्दी मिलान नगरी विद्यार्थी संख्या न्यून भएको बालविकास केन्द्रमा समेत १ भन्दा बढीलाई तलब निकासा दिएको देखिएको पाइयो । यसरी आवश्यक भन्दा बढी संख्यामा राखेर भुक्तानी दिएको रकम अनियमित देखिएको रु.२०७९०००

| सि.नं. | विद्यालयको नाम | बालबालिका संख्या | सहजकर्ता संख्या | बढी संख्या | मासिक दर पालिकाबाट निकासा हुने समेत | जम्मा तलब निकासा (चाडपर्व र पोशाक समेत) |
|---|---|---|---|---|---|---|
| १ | श्री म.मा.वि. हनुमाननगर | २० | ३ | २ | १७००० | ४६२००० |
| २ | श्री वी.पी.स्मा.प.मा.वि. भारदह | १०८ | २ | १ | १७००० | २३१००० |
| ३ | श्री कंकालिनि मा.वि.पोर्ताहा | २६ | २ | १ | १७००० | २३१००० |
| ४ | श्री मा.वि. मधवापुर | ५८ | २ | १ | १७००० | २३१००० |
| ५ | श्री आ.वि. भलुवा | २८ | २ | १ | १७००० | २३१००० |
| ६ | श्री ज.आ.भू.वि. डगराहा | ५८ | २ | १ | १७००० | २३१००० |
| ७ | श्री पलट प्रा.वि. अर्जी | ५२ | २ | १ | १७००० | २३१००० |
| ८ | श्री यो.दि.रा.प्रा.वि. १ नं. योगिनिया | २० | २ | १ | १७००० | २३१००० |
| | जम्मा | | | | | २०७९००० |

| अनियमित भएको | २०,७९,००० |
|---|---|

५८.५ **स्वयमसेवक शिक्षक**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३३९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

५८.६ **दिवा खाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को २.७.११.१ मा बालविकास देखि कक्षा ५ सम्मका बालबालिकालाई विद्यालय छोड्ने प्रवृत्ति न्युनिकरण गर्न दिवा खाजाको व्यवस्थापन गर्ने गरी बजेट व्यवस्थापन भएकोमा हनुमाननगर कंकालिनी नगरपालिका भित्रका विद्यालयमा दिवा खाजा खुवाए बापत यो बर्ष रु.३५ लाख ५६ हजार १७४ खर्च गरेको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

**कार्यक्रम संचालन अवधिः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को २.७.११.१ बार्षिक १८० दिन सम्म दिवा खाजा संचालन गर्ने लक्ष्य अनुसार बजेट व्यवस्था भएकोमा १० वटा विद्यालयले दिवा खाजा कार्यक्रम नै सञ्चालन गरेको छैन भने १४ वटा विद्यालयले ४५ दिन र ५ वटा विद्यालयले ९० दिन सम्म दिवा खाजा कार्यक्रम संचालन गरेको छ । यसमा पालिकाले समान रुपमा सवै विद्यालयमा सरकारको लक्ष्य बमोजिम दिवा खाजा कार्यक्रम संचालन तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | दिवा खाजा संचालन भएको जम्मा दिन |
|---|---|---|---|
| १ | श्री म.मा.वि. हनुमाननगर | २२९ | ० |
| २ | श्री वी.पी.स्मा.प.मा.वि. भारदह | ३२३ | ० |
| ३ | श्री कंकालिनि मा.वि.पोर्ताहा | २०७ | ४५ |
| ४ | श्री मा.वि. मधवापुर | ४१२ | ४५ |
| ५ | श्री रा.मा.वि. रम्पुरामल्हनिया | ३३२ | ९० |
| ६ | श्री आ.वि. भलुवा | १३८ | ४५ |
| ७ | श्री शारदा आ.भू.वि. गोबरगाढा | ११० | ४५ |
| ८ | श्री ज.आ.भू.वि. इनर्वा | १९३ | ० |
| ९ | श्री कोशी आ.भू.वि. कोशीव्यारेज | १६१ | ४५ |
| १० | श्री ज.आ.भू.वि. डगराहा | २८४ | ४५ |
| ११ | श्री वी.पी.आ.भू.वि. अर्जी | २०२ | ० |
| १२ | श्री लि.ठा.प्रा.वि. हनुमाननगर | ३८९ | ४५ |
| १३ | श्री पलट प्रा.वि. अर्जी | १३५ | ४५ |
| १४ | श्री रा.प्रा.वि. सकरदही | १२६ | ० |
| १५ | श्री रा.प्रा.वि. कदमाहा | १९४ | ४५ |
| १६ | श्री यो.दि.रा.प्रा.वि. १ नं. योगिनिया | १६४ | ० |
| १७ | श्री रा.प्रा.वि. गिद्धखोरा | ११० | ४५ |
| १८ | श्री रा.प्रा.वि. बेल्हा | ७१ | ४५ |
| १९ | श्री रा.प्रा.वि. कोरियानी | ११६ | ० |
| २० | श्री महुली रा.प्रा.वि. गिदखोरा | ११९ | ४५ |
| २१ | श्री रा.प्रा.वि. भगवानपुर | १०० | ९० |
| २२ | श्री ज.रा.प्रा.वि. दक्षिणटोल भारदह | २०८ | ४५ |
| २३ | श्री रामजानकी रा.प्रा.वि. डलवा | २११ | ४५ |
| २४ | श्री ज.रा. प्रा.वि. अण्डिपट्टी | १३० | ९० |
| २५ | श्री रा.म.बा.आ. हनुमाननगर | १४० | ९० |
| २६ | श्री मदर्सा रियाजुल जन्नह २ नं.यो. | १५२ | ० |
| २७ | श्री ज.रा.प्रा.वि. मल्हनिया | ११९ | ० |
| २८ | श्री दलित रा.प्रा.वि. इनर्वा | ८६ | ९० |
| २९ | मदर्सा रिजविया गौशुलवरा हनुमाननगर | ६४ | ० |

**बढी भुक्तानीः** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को २.७.११.१ (ङ) मा EMIS मा प्रविष्ट भएको विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी दैनिक १५ को दरले हुने रकम विद्यालयलाई निकासा दिने र विद्यालयले तोकिए बमोजिम ताजा र पोषिलो खाजा खुवाउनु पर्ने उल्लेख छ। पालिकाले दिवा खाजा कार्यक्रम संचालनको लागि ४५ दिनको लागि विद्यालयलाई पहिलो, दोस्रो र तेस्रो किस्ता गरी भुक्तानी दिएकोमा तेस्रो किस्ता भुक्तानी दिदा पेश भएको विद्यार्थीको हाजिरी र विद्यार्थी संख्याको भन्दा बढी रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको निम्न विद्यालयको निम्न रकम असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.८१९५६

| क्र.सं. | विद्यालयको नाम | जम्मा निकासा | खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री आ.वि. भलुवा | ९३१५० | ९१७१० | १४४० | फिर्ता गरेको भौचर पेश गर्नुपर्ने |
| २. | श्री रा.प्रा.वि. कदमाहा | १३०९५० | ५०४३४ | ८०५१६ | |
| | **जम्मा** | २२४१०० | १४२१४४ | ८१९५६ | |

**घटि भुक्तानीः** दिवा खाजा कार्यक्रम संचालन गर्ने विद्यालयलाई दिवा खाजा संचालन भएको दिनको लागि विद्यार्थी उपश्थित संख्याको १५ को दरले भुक्तानी दिनुपर्नेमा कार्यालयले निम्न ५ वटा विद्यालयलाई पेश गरेको भन्दा रु.१ लाख ९२ हजार ७८५ कम रकम भुक्तानी दिएको देखिएको छ । विद्यालयले खर्चको विल भर्पाई पेश गर्दा विद्यार्थी हाजिरी केरमेट गरेको, गयल कट्टी जनाएको हाजिरीमा समेत हाजिरी भएको जनाई रकम माग गरेको जस्ता विभिन्न त्रुटि तथा हेलचेक्याई गरेको कारण एकमुष्ट रुपमा यसरी रकम घटाएको कार्यालयले जनाएको छ ।

| क्र.सं. | विद्यालयको नाम | जम्मा निकासा | खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री रा.प्रा.वि. बेल्हा | ४७९२५ | ८२३२० | -३४३९५ | घटी भुक्तानी |
| २. | श्री रा.प्रा.वि. भगवानपुर | १७३२५० | २३३०४० | -५९७९० | घटी भुक्तानी |
| ३. | श्री रामजानकी रा.प्रा.वि. डलवा | २३५६३० | २८५६३० | -५०००० | ५० हजार घटाएर भुक्तानी दिएको |
| 4. | श्री रा.म.बा.आ. हनुमाननगर | २७१४४० | ३१३५०० | -४२०६० | घटी भुक्तानी |
| 5. | श्री दलित रा.प्रा.वि. इनर्वा | ११६१०० | १२२६४० | -६५४० | घटी भुक्तानी |
| | जम्मा | ८४४३४५ | १०३७१३० | -१९२७८५ | |

| असुल गर्नुपर्ने | ८१,९५६ |
|---|---|

५९ **स्वास्थ्यतर्फ**

५९.१ **औषधि खरिद**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । स्थानीय तहले ५९ लाख ८० हजार औषधिमा भएको खर्च मध्ये पुरै रकम बोपपत्रको माध्यमबाट खरिद गरेको विवरण पेश गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

· खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

· आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

· आपूर्ति भएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन ।

· औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको,

· औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको सार्वजनिक खरिद नियमावली, २०६४ गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५९.२ **न्यानो झोला खरिदः** आर्थिक वर्ष २०८०।८१ मा स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अनुदानका क्रियाकलापहरु सञ्चालन सम्बन्धि मार्गदर्शन, २०८० को मातृ तथा नवशिशु कार्यक्रमको क्रियाकलाप नं.२ मा आमा सुरक्षा कार्यक्रम सञ्चालन भएका स्वास्थ्य संस्थाबाट प्रसुती सेवा लिएमा न्यानो झोला उपलब्ध गराईने उक्त न्यानो झोलाको स्पेशिफिकेशन मार्गदर्शनले तोकिए बमोजिमको हुनुपर्ने, न्यानो झोला खरिदको लागि तराईका जिल्लामा प्रति थान ९०० को दरले बजेट व्यवस्था भएको र खरिद नियमावली बमोजिम आपुर्ति भएको न्यानो झोला स्पेशिफिकेशन अनुसार भए नभएको आधिकारीक तहबाट चेकजाँच गराई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले गत आर्थिक वर्षमा ११०५ जनाको संख्यामा प्रसुति सेवा लिएको आधार बनाई यस बर्थिक वर्षको लागि ११११ थान न्यानो झोलाको लागि ९०० को दरले लागत अनुमान बनाई ३ वटा फर्मसँग दररेट माग गरी न्यूनतम दररेट पेश गर्ने सुमन ट्रेड एण्ड सप्लायर्सबाट प्रति थान ८९९.५ दरमा खरिद गरेको छ । कार्यालयले मार्गदर्शनमा व्यवस्था गरेको प्रतिथान दरलाई नै लागत अनुमानको आधार बनाई खरिद गर्नु उपयुक्त देखिदैन् । त्यस्तै आपुर्ति भएको न्यानो झोलाको स्पेशिफिकेशन र गुणस्तर चेक जाँच गरेको देखिएन् मार्गदर्शनले तोके बमोजिम गुणस्तर जाँच गराएर मात्र भुक्तानी दिने गर्नुपर्दछ ।

५९.३ **प्रसुति प्रेषण यातायात खर्चः** आमा सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ दफा १६ मा भर्ना भएको स्वास्थ्य संस्थामा प्रसुति हुन नसकि अन्य स्वास्थ्य संस्थामा प्रेषण गरी पठाउन परेमा प्रेषण गर्ने संस्थाले पठाएको प्रेषण पुर्जाको आधारमा प्रसुति सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाले डिस्चार्ज हुने समयमा आफ्नो जिल्लाको दर अनुसार त्यस स्वास्थ्य संस्थामा डिस्चार्ज भई आउन लाग्ने खर्च यातायात खर्च बापत सुत्केरी महिलालाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले जटिलता भई प्रेषित गरेको सुत्केरी महिलालाई स्वास्थ्य संस्थाले भुक्तानी दिएको रकमको सोधभर्ना दिनुपर्नेमा हनुमानगर स्वास्थ्य संस्था तथा व्यवस्थापन समितिलाई एकमुष्ठ रुपमा ४० हजार भुक्तानी दिएको देखिएकोले उक्त स्वास्थ्य संस्थामा प्रेषित भई आएका जटिल प्रकृतिका प्रसुति सेवा लिएका सुत्केरी महिलालाई यातायात खर्च भुक्तानी दिएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त संस्थाबाट फिर्ता प्राप्त गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.४००००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,००० |

५९.४ **सहभागी भत्ताः** २९-२०८०।८।२५ आर्थिक वर्ष २०८०।८१ मा स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अनुदानका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८० को अनुसूची १ खर्चको मापदण्ड अनुसार सहभागी भत्ता स्थानीय स्तरमा ७०० को दरले हुने मार्गदर्शनमा उल्लेख नभएको कार्यक्रमको लागि कार्य संचालन निर्देशिका वमोजिम हुने उल्लेख छ । कार्यालयले रामदेव यादवलाई विभिन्न कार्यक्रमको भुक्तानी दिदा तोकिएको दर भन्दा बढी दरमा भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.

| कार्यक्रमको नाम | सहभागी संख्या | भुक्तानी दिन मिल्ने दर | भुक्तानी हुने जम्मा रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| पोषण विशेष कार्यक्रमको पालिका स्तरिय २ दिने समिक्षा | ३६ | ७०० | २५२०० | २८७०० | ३५०० |
| बार्षिक समिक्षा | ३७ | ७०० | २५९०० | ३७८०० | ११९०० |
| जम्मा | | | | | १५४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,४०० |

६० **किसान सुचीकरणको लागि कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम**

**कार्यक्रम सञ्चालनः** किसान सुचीकरण कार्यक्रम कार्यान्वियन विधि, २०७७ को दफा १९ मा जनसक्ति व्यवस्थापनको लागि कम्तिमा १२ कक्षा उतिर्ण इन्टरनेट चलाउन सक्ने स्मार्ट फोन वा ल्यापटप भएका युवा तथा स्थानीय शिक्षकलाई सहजकर्ताको रुपमा छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था छ । कार्यालयले कार्यविधिमा उल्लेख भए बमोजिम जनशक्ति व्यवस्थापन गरी सञ्चालन गर्नुपर्नेमा तीनवटा संस्थाबाट लागत अनुमान माग गरी सबैभन्दा कम लागत पेश गर्ने संस्कृती मल्टिप्रपोज कम्पनी मार्फत गराई रु.३४८९९८ भुक्तानी दिएको छ ।

**बढी भुक्तानीः** किसान सुचीकरण कार्यक्रम कार्यान्वियन विधि, २०७७ को दफा २० मा १००० सम्म घरधुरी भएको वडामा प्रति घरधुरी १५० पारिश्रमिक दिन सकिने व्यवस्था छ । त्यस्तै, कार्यक्रम सञ्चालनको लागि प्रस्तावना पेश गर्ने संस्कृती मल्टिप्रपोज कम्पनीले प्रस्तावनामा १००० घरधुरीको लागि १५० को दर पेश गरेकोमा प्रतिवेदन अनुसार ४६७ घरधुरीको मात्र तथ्यांक संकलन गरेको उल्लेख भएकोले ४६७ घरधुरीको लागि १५० को दरले रु.७००५० मात्र भुक्तानी दिनु पर्नेमा १००० घरधुरीको लागि रु.१५०००० नै भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम रु.७९९५० असुल गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु. ७९९५०

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,९५० |

## ६१ आमा सुरक्षा कार्यक्रम

आमा सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ दफा ४ मा आमा सुरक्षा कार्यक्रम लागु भएको स्वास्थ्य संस्थामा आई प्रसुति सेवा लिएमा अनुसूची २ बमोजिमको रकम स्वास्थ्य संस्थाले प्राप्त गर्ने र अनुसूची २(ग) मा सामान्य प्रसुति सेवा दिए बापत २५००, जटिलयुक्त प्रसुति सेवा दिए बापत ४००० र सल्यक्रिया विधिबाट प्रसुति सेवा दिए १०००० को दरले इकाई मूल्य प्राप्त गर्ने व्यवस्था छ । पालिकाले हनुमानगर स्वास्थ्य व्यवस्थापन समितिलाई प्रसुति सेवा उपलब्ध गराएबापत इकाई मूल्य उपलब्ध गराउदा निम्न बमोजिमले बढी रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम स्वास्थ्य संस्थाबाट फिर्ता प्राप्त गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| गौ.भौ. /मिति | जम्मा प्रसुति संख्या | सामान्य प्रसुति संख्या | जटिलयुक्त प्रसुति संख्या | स्वास्थ्य संस्थाले प्राप्त गर्ने जम्मा रकम | भुक्तानी दिएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४४- २०८०।८। २७ | २९८ | २८५ | १३ | ७६४५०० | ७९७००० | ३२५०० |
| २१७- २०८१।१। २८ | १९९ | १८९ | १० | ५१२५०० | ५३७५०० | २५००० |
| २५०- २०८१।३। १३ | ७५ | ७४ | १ | १८९००० | १८६५०० | २५०० |
| जम्मा | | | | | | ६०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००० |

## ६२ प्रधानमन्त्री रोजगार कार्यक्रम

कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु. ७९ लाख ३१ हजार मध्येबाट कुलो पैनी निर्माण, पर्खाल नदी नियन्त्रण, बाटो मर्मत, नाला मर्मतमा खर्च भएको छ । सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. ३२ लाख ७० हजार खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि १४१५ जनाले निवेदन दिएकामा जम्मा ९० जना छनोट भएको प्रतिवेदन नगरपालिकाले तयार गरेको छ । पालिकका १४ वटा वडामा मध्ये ९ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी नगरपालिकाले दिएको छ । ९ वटा वडामा सञ्चालित कार्यक्रममा ९० जनालाई दैनिक ६६८ को दरले अधिकतम ७७ र न्यूनतम् ३० दिन दिन रोजगारी दिएको पाइयो ।यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्यबीच तुलना गर्न सक्ने अवस्था छैन ।

## ६३ सामाजिक सुरक्षा

६३.१ **सामाजिक सुरक्षाः** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. २०५८४६९७२/- निकासा गरेकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो । यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन् ।

६३.२ **रिभर्सफिड पेश नभएकोः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १४(५) बमोजिम फरवार्ड फिडको आधारमा भत्ता वितरण गरी भत्ता वितरण गरेको प्रमाण रिभर्स फिड पालिकालाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ ।कृषि विकास बैंकलाई वडा नं १०,११ र १४ को चौथो चौमासिकको सामाजिक सुरक्षा भत्ता वापतको रु.१२४६२७५१। निकासा भएकोमा उक्त बैंकले भत्ता वितरण गरेको भरपाई पालिकामा उपलब्ध गराएको पाइएन ।रिभर्स फिड प्राप्त नभएकोले के कति रकम वितरण भएको र कति बाँकी रहेको सम्बन्धमा यकीन हुन सकिएन । पालिकाले बैंकसँग रिभर्स फिड मागि वितरण भएको रकम यकिन गर्नुपर्दछ ।

६३.३ **सामाजिक सुरक्षा कार्यक्रम संचालनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा स्थानीय तह र बैंकबीच हुने सम्झौताको दफा ६ मा नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए नगरपालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी नगरपालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक साउन र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था भएकोमा बैंकले सो विवरण पेश गरेको पाइएन। विवरण पेश नभएकोले बैंकमा के कति रकम बाँकी रहेको सम्बन्धमा आश्वस्त हुन सकिएन ।पालिकाले बैंकसँग विवरण लिई निष्क्रिया खातामा रहेको रकम संघीय संचित कोष फिर्ता हुनु पर्ने रू.

| **सि.नं.** | **वडा नं.** | **सेवा प्रदायक बैंकको नाम** | **आ.व.२०८०।०८१ मा फिर्ता हुने रकम** |
|---|---|---|---|
| १ | १, ३ र ४ | सिटिजन्स बैंक ्इन्टरनेशनल लि.भारदह | १,६१,९७४।६७ |
| २ | २, ५, ६, ७, ८, ९, १२ र १३ | राष्ट्रिय वाणिज्य बैंक लि.हनुमाननगर | २,७२,७६६।५८ |
| ३ | १०, ११ र १४ | कृषि विकास बैंक लि.हनुमाननगर | ३,५५,०३७।६८ |
| **जम्मा** | | | **७,८९,७७८।९३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८९,७७८.९३ |

६३.४ विवरण पेश तथा समीक्षा र सार्वजनिक सुनुवाईः कार्यविधिको दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

यस पालिकाबाट गत आर्थिक वर्ष २०७९।८० र आर्थिक वर्ष २०८०।८१ मा देहाय अनुसार देहाय अनुसारका लाभग्रही रहेको देखियो

| सि.नं. | लाभग्राही वर्ग | भत्ता दर | २०७९।८० मा रहेका लाभग्राहीको संख्या | २०८०।८१ मा रहेका लाभग्राहीको संख्या |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक ६८ वर्ष माथि | ४००० | २६५५ | २७७२ |
| २ | ज्येष्ठ नागरिक दलित | २६६० | २६५ | २९८ |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | २६६० | २३६ | २४३ |
| ४ | विधवा (आर्थिक सहायता) | २६६० | ५६९ | ६२९ |
| ५ | पूर्ण अपाङ्ग | ३९९० | १५६ | १६० |
| ६ | अति अशक्त अपाङ्ग | २१२८ | १८१ | १९५ |
| ७ | दलित बालवालिका | ५३२ | ३४४७ | ३४८४ |
| ८ | क्षेत्र तोकेको बालबालिका | ५३२ | ९०५ | ८८६ |

पालिकाले सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०७९।८० मा लाभग्राहीलाई रु. २० करोड ३६ लाख १६ हजार खर्च भएकोमा आ.व. २०८०।८१ मा रु. २० करोड ५८ लाख ४७ हजार खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु. २२ लाख ३१ हजार वढी खर्च भएको छ ।

६३.५ **एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीः** कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन । यसमा सुधार हुनु पर्दछ ।

६४ **इन्डक्सन चुलो वितरण**

८–२०८०।१२।१८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाको पूर्ण अपाङ्ग (क) वर्ग अति असक्त (ख) बर्गका परिवारको लागि १८८ थान इन्डक्सन चुल्हो वितरणको लागि ब्राइट भिजन इनर्जी प्रा.लि.बाट प्रति थान रू. ४६५०।– को दरले उपभोक्ताको सहभागिता प्रति थान १०४४।६८ कट्टा गरी कुल रू. ७९१४४६।– भुक्तानी गरेको छ । स्रेस्ता साथ अपाङ्गताको प्रमाण खुल्ने परिचय पत्र समावेश नगरेको, उपभोक्ताको आर्थिक अवस्थाको विश्लेषण नगरेको, घरमा इन्डक्सन चुल्हो प्रयोग गरे नगरेको अनुगमन समेत गरेको पाइएन । विगतमा यस प्रकारको सुविधाको उपयोग गरे नगरेको अभिलेख राखी कार्यक्रमको प्रभावकारीताको विश्लेषण हुनु पर्दछ ।

६५ **वितरणमुखी कार्यक्रम**

स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ साथै पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र

आर्थिक सहायता र अनुदान वितरण गर्नु पर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रीत भई योजना कार्यान्वियन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु कार्यविधि वेगर संचालन गर्ने गरेको देखियो जुन योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिदैन।पालिकाले यो वर्ष बजेट विनियोजन गरेतापनि स्पष्ट मापदण्ड र कार्यविधि तयार नगरी गरेको निम्नबमोजिमको कार्यक्रम नियमीत नभएको रु

| क्र सं | गो भौ नं/ मिति | कार्यक्रम | क्रियाकलाप | खर्च रकम |
|---|---|---|---|---|
| १ | ५०१।२०८१।३।२० | विविध खर्च | १८ जना महिलाहरुलाई चाँदर वितरण | १०१७० |
| २ | ५७९।२०८१।३।२२ | विभिन्न जातीय समूदायको उत्थानको लागि भाडाकुँडा वितरण | वडा नं ७ मा वितरणका लागि भाडाकुडा खरिद | ४९८९५१ |
| ३ | ६१९।२०८१।३।२३ | छात्रछात्रालाई शैक्षिक सामग्री वितरण | जनता राष्ट्रिय प्रा वि का १०८ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण | २८७८११ |
| ४ | ६३०।२०८१।३।२४ | शैक्षिक सामग्री वितरण | श्री योगिनी दिनेश रा प्रा वि का बालबालिकालाई शैक्षिक सामग्री वितरण | २४८४२५ |
| ५ | ५७।२०८१।३।२४ | शैक्षिक सामग्री वितरण | श्री राष्ट्रिय प्रा वि का बालबालिकालाई शैक्षिक सामग्री वितरण | ४९८३३० |
| ६ | ६६०।२०८१।३।२४ | शैक्षिक सामग्री वितरण | श्री राष्ट्रिय आधारभुत विद्यालयका बालबालिकालाई शैक्षिक सामग्री वितरण | २९८०९३ |
| | | जम्मा | १८४१७८० | |

६६ **तालिम कार्यक्रम, अनुगमन निरिक्षण तथा सहभागि भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,८१५,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

६७ **कृषि लाईन विस्तार**

यस नगरपालिकाको आ.व. २०८०/०८१ को कृषि विकाश स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नगर क्षेत्रमा कृषि लाईन विस्तारका लागि अनुसूची १ को सि.नं. १.२ अनुसार नगरसभावाट रु ६०,००,०००/०० विनियोजित भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । नेपाल विद्युत प्राधिकरण राजविराज र कन्चनपुर वितरण केन्द्रबाट नगरपालिका अन्तर्गत वडा नं. २, ६ र ८ का विभिन्न स्थानमा सिंचाई प्रयोजनको लागि एच.टि./एल.टि.लाईन निर्माण तथा ११/४ के.भी. १०० के.भि.ए. को ट्रान्सफरमर जडानको लागि विनियोजित रकम रु. ६० लाख देहाय अनुसारको भौचर र मितिबाट नेपाल विद्युत प्राधिकरण राजविराज र कञ्चनपुरलाई लेखापरीक्षण समेत गराउने गरी भुक्तानी गरेको छ । नेपाल विद्युत प्राधिकरणबाट पेश भएको लागत अनुमानको आधारमा भुक्तानी गरेको रकमबाट नगर क्षेत्रमा कृषिलाईन विस्तार कार्य कहिले सम्ममा सम्पन्न उल्लेख नगरेको, आर्थिक वर्षको अन्त्यसम्म कार्यसम्पन्नको प्रमाण पेश नगरी बजेट खर्च गरेको छ । सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणले २० प्रतिशत खर्च व्यहार्ने उल्लेख छ । सम्झौता अनुसारको कार्य सम्पन्न भएको प्रमाण पेश गर्नु पर्ने रू. ६००००००

| भौ.नं. र मिति | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|
| २-२०८१।२।२१ | नेपाल विद्युत प्राधिकरण कन्चनपुर | २५००००० |
| २-२०८१।२।२३ | नेपाल विद्युत प्राधिकरण राजविराज | २५००००० |
| २-२०८१।२।२४ | नेपाल विद्युत प्राधिकरण कन्चनपुर | १०००००० |
| जम्मा | | ६०००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

६८ **कर शुल्क तथा असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३२१ – घरजग्गा बहालकर | | ५१४२४४.८१ | |
| २ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ० | ४४४०००.०० | |
| ३ | ११४७२ - बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | ५००.०० | |
| ४ | ११६१३ – व्यवसाय रजिष्ट्रेशन दस्तर | ० | ४१२६००.०० | |
| ५ | १४२२३ – शिक्षा क्षेत्रको आय | ० | ११०००.०० | |
| ६ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | | ९०००.०० | |
| ७ | १४२४२ - नक्शापास दस्तुर | ० | १४७६९४.०० | |
| ८ | १४२४३ - सिफारिश दस्तुर | ० | २६४००.०० | |
| ९ | १४२४९ - अन्य दस्तुर | ० | ५८८९००.०० | |
| १० | १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | ० | ३१६००.०० | |
| | जम्मा | | २१८५९३८.८१ | |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

६९ **एम्बुलेन्सको आय**

पालिकाले सञ्चालन गरेको एम्बुलेन्सका चालक अरुण कुमार रायले यस वर्ष बुझेर लगेको ४ थान रसिद ठेलीबाट रू. ३९४५००।– उठाएको रसिदको जोड जम्माबाट देखिन्छ । एम्बुलेन्सको इन्धन, मर्मत, अक्सिजन वापत रू. ३०१३०५ खर्च भएको विवरण पेश भएको र बाँकी रकम रू. ९३१९५।- मध्ये २०८१ असार २४ मा रू. ५५०००।– दाखिला गरेको र बचत रकम रू. ३८१९५।- एम्बुलेन्स चालक अरुण कुमार रायसँग रहेकोले हर्जना समेत गणना गरी असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,१९५ |

## ७० राजस्व अभिलेख तथा दाखिला

७०.१ **राजस्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को रसिद ठेली बाँकी के कति छन यकीन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने कार्यको थालनी भए पनि सुत्रको राजस्व मोडल प्रयोगमा ल्याएको छैन । समयमा वडा स्तरमा वस्ने कर्मचारीलाई तालिम नदिएको कारण सुत्रको राजस्व मोडल प्रयोगमा नआएको कार्यालयको भनाई रहेको छ ।समयमा राजस्व दाखिला नगर्ने, नगदी रसिद र राजस्वको लागि सांग्रीला सफ्टवेयर समेत प्रयोग गर्ने, दुबैलाई समेटेर एकीकृत विवरणको लागि तोकिएको म.ले.प.फा.हरू नराख्नने गरेको कारण वास्तविक राजस्व रकम एकीन गर्न सक्ने अवस्था छैन । कार्यालयले आगामी दिनमा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्न विशेष ध्यान पुर्‍याउनु पर्ने देखियो ।

७०.२ **राजस्व दाखिलामाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) मा १० दिनसम्म १० प्रतिशत १० दिन भन्दा बढी ढिला गरेमा १० प्रतिशत जरिवाना र विभागीय कारवाही गर्ने व्यवस्था रहेको छ । कार्यालयले मातहतका वडाहरूबाट देहाय अनुसार ढिला गरी मालपोत सिफारिस दस्तुर,दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेकोमा जरिवाना असुल गरेको देखिएन । कार्यालयले छलफलको क्रममा कर्मचारी अभाव भएको, न्यून राजस्व संकलन हुने कारणले यस्तो हुने गरेको जानकारी गराएको छ । नमूना छनोटको आधारमा वर्षको अन्त्यमामात्र राजस्व दाखिला गर्ने देहाय अनुसारका वडा सचिवबाट ऐनको व्यवस्था अनुसार असुल गनुपर्ने देखिएको रु. ३२९००

| वडा नं. | वडा सचिवको नाम | रकम | जरिवाना रकम |
|---|---|---|---|
| ८ | भुपेन्द्र कुमार यादव | १२०००० | १२००० |
| १४ | महेश नारायण यादव | २०९००० | २०९०० |

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ अनुसार कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसबली राजस्वको लेखा रहे वा नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्ने व्यवस्था छ। देहाय अनुसारका वडा सचिवले बैंक जम्मा गरेको विवरण र उठाएको राजस्व विवरणमा देहाय अनुसार फरक परेको रकम असुल गर्नु पर्ने रू.

| वडा नं. | वडा सचिवको नाम | उठाएको राजस्व | बैंक जम्मा गरेको रकम | घटी रकम |
|---|---|---|---|---|
| ११ | राम भरोस यादव | ९१५७३ | ९००१३.७५ | १५५९.२५ |
| ८ | भुपेन्द्र कुमार यादव | १२०७०४ | १२०००० | ७०४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,१६३ |

## ७१ आन्तरिक आय ठेक्का

नगरपालिकाले २०७९।११।४ को सूचना अनुसार आ.व. २०७९।८० देखि २०८१।८२ सम्मको लागि पालिका भित्रका १८ वटा पोखरी ठेक्कामा लगाउन सूचना आब्हान गरेको मा ११ वटाको ठेक्का सम्झौता भएको छ । उक्त ठेक्का सम्झौता अनुसार ११ वटा पोखरीको कबोल रकम रु. ३६८५००० मध्ये गत वर्ष रु.२२६६५०० र यस वर्ष रू. १३५३०० समेत (योगिनीमाइ पोखरीको ठेक्का रद्द गरेको र अग्रीम रकम दाखिला गर्नेलाई १० प्रतिशत छुट बाहेक) रू. २४०१८०० असुली भई देहाय अनुसारको बाँकी रकम रु. ८४२८०० मा सम्झौता अनुसार लाग्ने जरिवाना सहित असुल गर्नुपर्ने रु.

| सि.नं. | आय ठेक्काको नाम | ठेकेदारको नाम | कबोल रकम | असुली गर्न बाँकी |
|---|---|---|---|---|
| १ | पुरानो पोखरी | मजेलाल मण्डल | ४५१००० | १३५३०० |
| २ | सिपलिया पोखरी | प्रेम प्रसाद बडयैत | ४५१००० | २२५५०० |
| ३ | खड्गा पोखरी | राम अवतार यमदव | ३५७५०० | १७८७५० |
| ४ | पुनरी पोखरी | हरि प्रसाद यादव | ३५५५०० | १७७७५० |
| ५ | सकरपुरा टोल पोखरी | शत्रुधन कुमार राय | २५१००० | १२५५०० |
| जम्मा | | | | ८४२८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४२,८०० |

७२ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आयव्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १६ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. २१ लाख ८६ हजार अर्थात अनुमान भन्दा ३६ प्रतिशत बढी आय प्राप्त गरेको छ ।

आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १९७५४५३३७.७७ | २१८५९३८.८१ | १.१० |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७३ **महुली खोला पुल निर्माण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

७४ **चन्द्रजित साहको बाँसदेखि साहु पोखरीसम्म सडक स्तरोन्नति गर्ने**

मिति २०८१।२।३१ मा निर्माण व्यवसायी श्री समिर निर्माण सेवा सँग २०८२।२।१४ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु १,४६,०१,५३२। भएको कार्य रु ८२,३७,५७०। मा सम्झौता भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

सडक चेनेजः पालिकाले सडकहरु नामाकरण नगरेको तथा गत विगतमा भएका सडक निर्माण कार्यहरुको नापी अभिलेख तथा नापी नियन्त्रण खाता नराखेको हुनाले एउटै कार्यको दोहोरो भुक्तानी हुनसक्ने देखिन्छ। आर्थिक वर्ष ०७९।८० मा यस योजनामा खर्च भएको तथा गतविगत वर्षमा समेत उपभोक्ता समिति मार्फत कार्य भएको हुन सक्ने देखिन्छ। यस वर्ष भएको कार्यमा गत विगतमा भएको कार्य कुन चेनएजसम्म भएको हो सो नापी किताबमा खुलाएको देखिदैन। यसकारण दोहोरो कार्यको भुक्तानी नभएको यकिन गर्न सक्ने विश्वस्त आधार देखिएन। तसर्थ पालिकाले अनिवार्य रुपमा विगतमा भएको कार्यको अभिलेखिकरण तोकिएको ढाचाँमा राख्नु पर्दछ।

कार्य ढिलाई तथा पेस्कीः सार्वजनिक खरिद ऐनको दफा ५२ (क) को (६) मा लिएको पेस्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको पेस्की अग्रिम बैङ्क जमानत जफत गरी लिनुपर्ने, Standard Bid Document को SCC को बुदाँ नं. ४८.३ मा मासिक कार्यसम्पादन प्रमाणको आधारमा पेस्की फछर्यौट गर्नुपर्ने र सार्वजनिक खरिद नियमावलीको नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र नगरेको कारणले यस नियम बमोजिमको पेस्की फछर्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम(३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फछर्यौट गर्नुपर्ने तथा निजबाट त्यस्तो पेस्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायी श्री समिर निर्माण सेवाले चन्द्रजित साहको बाँसदेखि साहु पोखरीसम्म सडक स्तरोन्नति गर्न गो.भौ.नं. २४० मिति २०८१।३।२४ रु ४,२५,०००। पेस्की लिएकोमा उक्त पेस्कीको जमानत अवधि २०८१।६।२७ मा समाप्त भइसकेको तथा लेखापरीक्षणको समयसम्म पेश गरेको कार्यतालिकाबमोजिम कार्य प्रगती नभएकोले तथा कुनै रनिङ्ग बील पेश नभएकोले पेश्की रकम अग्रिम बैङ्क जमानतबाट जफत गरी फर्छयौट गर्नुपर्दछ।

७५ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रोङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने तथा उपनियम (२क) मा उपनियम (२) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा उपनियम (१क) बमोजिमको अभिलेख समेत संलग्न गर्नुपर्ने उल्लेख छ।पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम प्रक्रिया पुर्याई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन बनाउने गरेको छैन।यसबाट निर्माण व्यवसायीको त्रुटी सच्याउने दायित्वबाट पन्छिन पाउने तथा त्रुटिसम्बन्धि अभिलेख नहुनुको साथै निर्माण कार्य दीर्घकालिन, गुणस्तरयुक्त तथा स्वीकृत ड्रोङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम नहुने देखिन्छ। तसर्थ पालिकाले नियममा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

७६ **भारदह बहुमुखी क्याम्पस**

ठेक्का नं EGP/NCB/BMC/COLLG-BUILD/HNGR-01/80-81 को २०८१।१।२१ मा निर्माण व्यवसायी श्री बस्नेत उदय जे.भी. सँग २०८३।१।७ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ११,३१,८४,८७५। भएको कार्य रु ६,९३,९८,३४५। मा सम्झौता भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

**खरिदसम्झौताः**सार्वजनिकखरिदऐन२०६३कोदफा६कमासार्वजनिकनिकायलेबोलपत्रस्वीकृतरखरिदसम्झौतासम्बन्धीकामसामान्यताबोल
तथा
दफा२७माछनौटभएकोबोलपत्रदातालेबोलपत्रस्वीकृतभएको१५दिनभित्रखरिदसम्झौतागर्नकोलागिकार्यसम्पादनजमानतदाखिलागरीसम्झौत
तर कार्यालयले उक्त कार्यको ठेक्काको सुचनाप्रकाशन२०८०।८।४माभएकोप्राविधिकमुल्यांकन२०८०।१०।२९,आर्थिकमुल्यांकन०८०।११।८, बोलपत्र स्वीकृतको आशय ०८०।११।२८ माभएकोमाकर्यालयलले बोलपत्र जमानत अवधि ९० दिनको सके पछाडी आर्थिक मुल्यांकन तथा बोलपत्र स्वीकृतको आशय तथा बोलपत्र स्वीकृतको सूचना मिति ०८१।१।६ निकालेको तथा दफा २६ बमोजिम सो मितिले १५ दिन यर्थात २०८१।१।२० गतेभित्रखरिदसम्झौतानगरीबोलपत्रमान्यअवधि२०८०।११।७ पछिमिति२०८१।१।।२१मासम्झौतागरेकोदेखिन्छ।तसर्थकार्यालयलेनियममाभएकोव्यवस्थाकोपालनामाध्यानदिनुपर्दछ।

**योजनाको आवश्यकता र औचित्यः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्ने तथा योजना बनाउदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनहरुको सूची बनाई स्थानीय वुद्धीजीवि, विषय विज्ञ, अनुभवि पेशाविद लगायतका सरोकारवालाहरुको अधिकतम सहभागितामा बनाउने व्यवस्था उल्लेख छ र दफा २४(६) अनुसार योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकिकरण,योजना कार्यान्वियन तालिका र अनुगमन तथा मुल्याकंनको योजना समेत तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था उल्लेख छ। साथै आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतकोउच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। तर पालिकाबाट उपरोक्त

बमोजिम प्रक्रिया अवलम्वन तथा संभाव्यता अध्ययन नगरी तथा शिक्षा सम्बन्धी प्रचलित कानुनबमोजिम पूर्वस्वीकृत नलिई तथा नेपालको संविधान २०७२ को अनुसूची ८ मा स्थानिय तह अधिकार क्षेत्रमा आधारभुत तथा माध्यमिक शिक्षामात्र पर्नेमा यस प्रकार योजनाको आवश्यकता पुष्टी नहुने गरी करिब ११.५ करोड लागत अनुमान भएको स्नातक तह **BBM,BCA,BBA** र **BSC.CSIT** अध्ययन गराउने उद्वेश्य राखी भारदह बहुमुखी क्याम्पस निर्माण गर्ने योजना प्रभावकारी तथा औचित्यपूर्ण भएको यकिन हुन सकिएन। तसर्थ, सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाईस्थानीय तहले योजना तर्जूमा गर्दा ऐन नियमको मर्म र भावनाको आधारमा सम्पुर्ण सरोकारवालाहरुसम्म विकासको प्रतिफल पुग्ने गरी तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ।

**कार्य ढिलाई तथा पेस्कीः** सार्वजनिक खरिद ऐनको दफा ५२(क) को(६) मा लिएको पेस्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको पेस्की अग्रिम बैङ्क जमानत जफत गरी लिनुपर्ने, **Standard Bid Document** को **SCC** को बुदाँ नं. ४८.३ मा मासिका कार्यसम्पादन प्रमाणको आधारमा पेस्की फछर्यौट गर्नुपर्ने र सार्वजनिक खरिद नियमावलीको नियम ११३(६)मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र नगरेको कारणले यस नियम बमोजिमको पेस्की फछर्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम(३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फछर्यौट गर्नुपर्नेतथा निजबाट त्यस्तो पेस्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीश्री बस्नेत उदय जे.भी.ले भारदह कलेज निर्माण गर्न गो.भौ.नं. २१ मिति २०८१।३।१४ रु ६९,३९,०००। पेस्की लिएकोमा लेखापरीक्षणको समयसम्म सम्झौता अवधी मध्ये ८ महिना यर्थात ३३ प्रतिशत समय वितिसक्दा कार्यतालिकाबमोजिम कार्य प्रगती नभएकोले भुक्तानी दिएको पेस्की रकम अग्रिम बैङ्क जमानतबाट जफत गरी फर्छयौट गर्नुपर्दछ।



**बोलपत्र मुल्यांकनः** सार्वजनिक खरिद ऐनको दफा ६३(३) मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बैंक वा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले कालो सूचीमा राखेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले त्यस्तो सूचीमा कायम रहेको अवधिभर सार्वजनिक खरिद कारबाहीमा भाग लिन नसक्ने तथा उपदफा (४) मा उपदफा (३) बमोजिम सार्वजनिक खरिद कारबाहीमा भाग लिन नसक्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सार्वजनिक निकायले गर्ने खरिदमा भाग लिएको पाईएमा निजको बोलपत्र वा प्रस्ताव उपर कुनै कारबाही नहुने उल्लेख छ।तर कार्यालयले सार्बजनिक खरिद ऐन २०६३ को दफा ६३ को उपदफा (३)को प्रयोजन को लागि कर्जा सूचना केन्द्र लि.द्वारा कालो सुचीमा राखिएका व्यक्ति,फर्म,संस्था वा कम्पनीहरुको विवरणमा मिति २०७९।९।४ तथा २०९०।२।२८ मा समावेश भएका बस्नेत निर्माण सेवा मुख्य साझेदार भएको बस्नेत।उदय जे.भी. ले पेश गरेको बोलपत्र उपर कुनै कारवाही नगर्नुपर्नेमा सो गरेको देखिएन। यसबाट खरिद प्रक्रिया स्वच्छ, मितव्ययी तथा प्रतिस्पर्धात्मक भएको देखिएन।

## ७७ भेटरीनरी अस्पताल निर्माण

ठेक्का नं EGP/NCB/VET/HOS-BUILD/HNGR-02/2080/81 को २०८०।१२।२१ मा निर्माण व्यवसायी श्री Kanchan Construction Company Pvt. Ltd., सँग २०८२।१२।१ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ९,९३,७२,०६९। भएको कार्य रु ५,९१,००,१३३। मा सम्झौता भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

**कार्यमा ढिलाईः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ मा निर्माण व्यवसायी सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनुपर्ने र सार्वजनिक निकायले खरिद सम्झौताको कार्यान्वयनको सुपरीवेक्षण गर्नुपर्ने उल्लेख छ। तरनिर्माण व्यवसायीले कार्यमा

गरेको ढिलाईका कारण शुरु सम्झौता अवधिमध्ये २०८१ आषाढ मसान्तसम्म३.५ महिना यर्थात १५ प्रतिशत समय बित्तिसक्दाप्रथम रनिङ्ग वीलसम्म रु २३०३०६१। यर्थात ४ प्रतिशत मात्र कार्य प्रगतीभएको देखिन्छ। तसर्थ खरिद सम्झौता तथा पेश गरेको कार्य तालिका बमोजिम कार्यसम्पन्न नगरेको अध्यावधिक कार्यतालिका माग गरी समयमा कार्यसम्पन्न गराउनकार्यालयको ध्यान जानुपर्दछ।



**योजनाको आवश्यकता र औचित्यः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्ने तथा योजना बनाउदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनहरुको सूची बनाई स्थानीय वुद्धीजीवि, विषय विज्ञ, अनुभवि पेशाविद लगायतका सरोकारवालाहरुको अधिकतम सहभागितामा बनाउने व्यवस्था उल्लेख छ र दफा २४(६) अनुसार योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकिकरण,योजना कार्यान्वियन तालिका र अनुगमन तथा मुल्यांकंनको योजना समेत तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था उल्लेख छ। साथै आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतकोउच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। तर पालिकाबाट उपरोक्त बमोजिम प्रक्रिया अवलम्वन तथा संभाव्यता अध्ययन नगरी यस प्रकार योजनाको आवश्यकता पुष्टी नहुने गरी करिब १० करोड लागत अनुमान भएको भेटरीनरी अस्पताल निर्माण गर्ने योजना प्रभावकारी तथा औचित्यपूर्ण भएको यकिन हुन सकिएन। तसर्थ, स्थानीय तहले योजना तर्जूमा गर्दा ऐन नियमको मर्म र भावनाको आधारमा सम्पुर्ण सरोकारवालाहरुसम्म विकासको प्रतिफल पुग्ने गरी तर्जुमा र कार्यान्वियन गर्नुपर्दछ।

**बोलपत्र मुल्यांकनः** सार्वजनिक खरिद ऐनको दफा १०(६) बोलपत्रदाता वा प्रस्तावदाताले पेश गरेको योग्यता सम्बन्धी विवरण तथ्यगत रुपमा झुट्टा वा सारभुत रुपमा अपूरो भएको बोलपत्रदाता वा प्रस्तावदातालाई अयोग्य ठहराउन सक्ने तर सानातिना त्रुटि भएको अवस्थामा सम्बन्धित बोलपत्रदाता वा प्रस्तावदाताबाट सो सम्बन्धी जानकारी माग गरी सच्याउन सकिने तथा ऐनको दफा २४ मा सिलबन्दी भई नआएको, म्यादभित्र पेश हुन नआएको, दफा १९ बमोजिम फिर्ता लिएको बोलपत्र, दफा २३ को उपदफा (२) बमोजिम नभएको, दफा २६ को उपदफा (६) बमोजिम आपसमा मिलोमतो गरी दाखिला भएका बोलपत्र, दफा २३ को उपदफा (७) बमोजिम रद्द भएको बोलपत्र उपर कारबाही नगरिने तथा दफा २३(२) मा सार्वजनिक निकायले यस दफा बमोजिम बोलपत्रको परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासँग आवश्यक जानकारी माग गर्न सक्ने उल्लेख छ। तर कार्यालयले भेटरीनरी अस्पताल निर्माण कार्यको लागि प्राप्त भएका बोलपत्रहरुमध्ये सारभुत रुपमा अपूरो नभएको बोलपत्रहरु मध्ये न्यूनतम कबोल अंक भएका निर्माण व्यवसायीसँग सम्झौता गर्नुपर्नेमा आर.एस.। जेशिका जे.भी. काभ्रेले **Reinforcement work experience** पुग्ने गरी विभिन्न सरकारी निकायमा गरेको कार्य अनुभव पेश गरेकोमा कार्यालयले अनुभव गणना गर्दा मेलम्ची नगरपालिका, बागमती, शहरी विकास कार्यालय, काभ्रेपलाञ्चचोक र झापा गाउँपालिका,कोशी मा गरेको अनुभवलाई गणना नगरी तथा थप पुष्टाई माग नगरी **Reinforcement work experience** नपुगेको कारण जनाई बोलपत्र पेश गरेका बोलपत्रदाता अयोग्य बनाई वित्तीय मुल्यांकन गरेको देखिएन। ऐनको दफा १०(६) तथा २३(२) बमोजिम माग गर्न सक्ने अवस्थामा सारभुत रुपमा बोलपत्र अपूर्ण तथा दफा २४ मा बमोजिम बोलपत्र अमान्य गर्नुपर्ने अवस्था नरहेको तथा **Reinforcement work experience**पुगेको अवस्थामा माग गरिएको निर्माण क्रियाकलापको परिमाण अपुग रहेको भनी मुल्यांकन समितिको निर्णयबाट प्रतिस्पर्धा सिमित हुने गरी गरेको मुल्यांकन गरेको देखिन्छ। यसबाट खरिद प्रक्रिया स्वच्छ, मितव्ययी तथा प्रतिस्पर्धात्मक भएको देखिएन।

**ब्रिक मेसनरी वाल निर्माण कार्यः** सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुयाई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले प्रति घन मिटर ब्रिक मेसनरी वाल निर्माण कार्य गर्न ईटाको संख्या ४५२ लिनुपर्ने देखिन्छ। यहाँ प्रयोग भएको ईटाको साईज १०x५x३ ईन्च भएको पाइयो। ईटाको साईजमा १० एम.एम. मसलाको जोड गरी ईटाको साईज ०.२६४x०.१३७x०.०८६२ मिटरका आधारले प्रति घन मिटर ३२० ईटा र त्यसमा ५ प्रतिशत नोक्सानीसमेत गरी ३३८ ईटाको संख्या आवश्यक हुने देखिन्छ। तर कार्यालयले प्रति घन मिटर ४८० ईटाको संख्या राखि लागत अनुमान तयार तथा भुक्तानी गर्नु औचित्यपूर्ण देखिदैन ।



७८ **निर्माणस्थल तथा नक्सा पास**

सार्वजनिक खरिद नियमावलीको नियम ३ मा खरिद कारबाहीको तयारी गर्नु पर्ने तथा खरिद कारबाहीको तयारी गर्दा नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई वोलपत्र आव्हान गर्न नहुने तथा सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धि मापदण्ड, २०७७ को दफा ३ मा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भएकमा सार्वजनिक जग्गा प्रयोग गर्न सकिने तर उक्त सार्वजनिक जग्गा प्रयोग गर्न नेपाल सरकारले स्वीकृति दिन सक्ने तथा दफा ६ बमोजिम गठित समिति मार्फत स्थानीय तह र नागरिकको प्रतिक्रिया लिई सिफारिस गर्नुपर्ने उल्लेख छ। साथै भवन ऐन, २०५५ को दफा ११ मा नगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्नचाहने,व्यक्ति, संस्था वा सरकारी निकायलेभवन निर्माण गर्न प्रचलित कानुनबमोजिम सम्बन्धित स्थानीय तहबाट नक्सा तथा डिजाइनस्वीकृत गराउनुपर्ने उल्लेख छ । कार्यालयले कानुनी व्यवस्था अनुसार डि.पि.आर. बमोजिम जग्गा सुनिश्चितता तथा निर्माणधिन संरचनाको नक्सा तथा डिजाइन स्वीकृत नगराई बोलपत्र आव्हान तथा निर्माण कार्य अगाडी बढाएको देखिन्छ। तसर्थ निर्माणस्थलको सुनिश्चिता, ऐलानी जग्गा स्थानीय तहले प्रयोग गर्न नेपाल सरकारको निर्णय र नक्सा तथा डिजाइन स्वीकृत नगराई सार्वजनिक संरचना निर्माण गर्दा निर्माण कार्य अवरोध हुने तथा निर्मित संरचना भत्काउनुपर्ने, निर्माण अवधी ढिलो हुने देखिन्छ। तसर्थ सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई कानुनको पालनामा ध्यान दिनुपर्दछ।

| सार्वजनिक संरचनाको विवरण | लागत अनुमान | जग्गा धनीको विवरण | कैफियत |
|---|---|---|---|
| भेटरीनरी अस्पताल निर्माण वडा नं. ५ | ९९३७२०६९।०२ | साविकको पशु सेवा कार्यालय (जग्गा ८ कठ्ठा) | उपलब्ध जग्गाभन्दा बढी जग्गाको डि.पि.आर. प्रतिवेदन तयार गरेको तथा ऐलानी जग्गा प्रयोग सम्बन्धी नेपाल सरकारको निर्णय नभएको, जग्गा पालिकाको नाममा नदेखिएको, नक्सा स्वीकृति नभएको। |
| भारदह बहुमुखी क्याम्पस वडा नं.०१ | ११,३१,८४,८७५। | ऐलानी | उपलब्ध जग्गाभन्दा बढी जग्गा को डि.पि.आर. प्रतिवेदन तयार गरेको तथा ऐलानी जग्गा प्रयोग सम्बन्धी नेपाल सरकारको निर्णय नभएको, जग्गा पालिकाको नाममा नदेखिएको, नक्सा स्वीकृति नभएको।। |

७९ **परामर्शदाता**

परामर्शदाता मार्फत गराएको विस्तृत सर्वेक्षण, ड्इङ, डिजाइन कार्यान्वयन भए नभएको, त्रुटीपूर्ण परामर्श (डिजाइनमा त्रुटी, गलत लागत अनुमान र सुपरभिजन) मा परामर्शदातालाई जिम्मेवार र जवाफदेही बनाउन सक्ने अवस्था रहे नरहेको मूल्याङ्कन गर्ने

८० **ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन**

वालुवा प्रशोधन गर्ने उद्योगको अनुमति, दर्ता तथा नियमन सम्बन्धी कार्यविधि २०७७ तथा ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्री, विभिन्न मितिमा भएको गृह मन्त्रालयको निर्देशन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को बुदाँ नं. ६ मा खानीबाट ढुङ्गा, गिट्टि, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खखन् तथा संकलन गर्ने कार्य प्रचलित कानुनबमोजिम तोकिएको निकायबाट अनुमति लिई गर्नुपर्ने तथा बुदाँ नं. ९ मा जिल्ला अनुगमन समितिले ढुङ्गा, गिट्टि, वालुवा व्यवस्थापन र नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्रीसम्बन्धी प्रक्रियाको अनुगमन गर्ने तथा आवश्यक निर्देशन गर्ने जिल्ला समन्वय समितिको प्रमुखको अध्यक्षतामा जिल्ला प्रमुख अधिकारी सहित तोकिएको सदस्यहरु हुने गरी नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति रहने उल्लेख छ।तर जिल्लाभित्र खानीबाट ढुङ्गा, गिट्टि, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खखन् तथा संकलन गर्ने कार्य प्रचलित कानुनबमोजिम तोकिएको निकायबाट अनुमति नलिई विभिन्न व्यक्ति तथा उद्योगले अवैध रुपमा उत्खखन् तथा संकलन गर्ने कार्य गरेको तथा बिक्रि गरेको भनी भर्पाई दिने गरेको देखिन्छ।तसर्थ पालिका यसरी अवैध रुपमा खानीबाट ढुङ्गा, गिट्टि, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खखन् तथा संकलन गर्ने गरी बिक्रि गर्ने तथा खरिद गर्ने उपभोक्ता तथा निर्माण व्यवसायी समेतलाई कारवाही गर्न ध्यान जानुपर्दछ।

८१ **बहुवार्षिय सम्झौता**

सार्वजनिक खरिद नियमावलीको नियम ५ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने तथा खरिद कारबाहीको तयारी गर्दा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्नुपर्ने तथा नियम ६ मा खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्न नहुने तथासार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को बुँदा नं. ३ मा अर्थमन्त्रालयको सहमती नलिई दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठेक्का बन्दोवस्त गर्न नपाईनेतथा आयोजनाको बहुबर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ मा भएका शर्त पुरा नगरेका तथा मध्यकालीन खर्च संरचनामा सामेल नभएका आयोजना र कार्यक्रमलाई बहुर्षीय ठेक्काको लागि स्रोत सहमति नदिइने उल्लेख छ। कार्यालयलेसालबसाली तथा बहुवर्षिय स्वीकृति नभएकानिर्माण कार्यहरुको ठेक्का सम्झौता अवधि एक आर्थिक वर्ष भन्दा बढी हुने गरी निर्माण व्यवसायीसँग सम्झौता गर्ने गरेको देखियो। यसरी नियममा भएको व्यवस्था विपरीत निम्म निर्माण कार्यहरु सम्झौता गर्दा श्रोत सुनिश्चितता नभई निर्माण कार्य अलपत्र पर्ने तथा गुणस्तर कम हुने भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

| **ठेक्का नं.** | **कार्यको विवरण** | **सम्झौता रकम** | **सम्झौता अवधि** |
|---|---|---|---|
| EGP/NCB/KDM/BRIDGE/HNGR-01/79-80 | महुली खोला पुल निर्माण, हनुमाननगर | २४११५७५०।९६ | २ आर्थिक वर्ष |
| | चन्द्रजित साहको बाँसदेखि साहु पोखरीसम्म सडक स्तरोन्नति गर्ने | ८२,३७,५७०।३१ | २ आर्थिक वर्ष |

८२ **भेरिएसन आदेश**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्ल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएसनको परिमाण खुलाई भेरिएसन गर्न सकिने तथा सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ। कार्यालयले ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदली लागत अनुमान

भएको कार्य भन्दा फरक गर्नुको कारण र औचित्यसहित भेरिएसन आदेश स्वीकृत वेगर निम्न कार्यहरु गरेकोले भेरिएसन आदेश स्वीकृत भएको प्रमाण पेश हुनुपर्ने रु

| **कार्यको विवरण** | **निर्माण व्यवसायीको नाम** | **शुरुको लागत अनुमानमा** | | |
|---|---|---|---|---|
| | **बढेको कार्य** | **घटेको कार्य** | **खुद कार्य** | |
| कदमाहा खोलामा निर्माण हुने मोटेरवेल पुल | शान्ति निर्माण सेवा, सप्तरी | ६८४९७३। | (१२७८०४४।) | (५९३०७१।) |
| **जम्मा** | **५९३०७१** | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९३,०७१ |

८३ **म्यादथप**

सार्वजनिक खरिद नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने अन्यथा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्न सक्ने र पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ। नियममा भएको व्यवस्थाबमोजिम म्याद थपको निवेदन निर्धारित अवधिमा कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी प्राप्त नभएको देखिन्छ। निम्न निर्माण व्यवसायीहरुले सम्झौताबमोजिम कार्यसम्पन्न तोकिएको समयमा कार्यसम्पन्न नगरेकोले नियम १२०(३) बमोजिम निर्माण व्यवसायीबाट गुज्रेको म्याद अधिकतम २०० दिनको नियमानुसार प्रति दिनको ०.०५% का दरले क्षतिपूर्ति असुल गरी नियम १२०(११) मा सो अवधिमा समेत कार्य सम्पन्न नहुने खरिद सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गरी कार्यसम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी जफत गरी त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानुनबमोजिम कारवाही गरेको देखिएन। तसर्थ कार्यालयले कानुनमा भएको प्रक्रिया पुर्‍याई मात्र म्याद थप गर्नुपर्दछ।

| निर्माण कार्य | म्याद समाप्त हुने अवधि(अघिल्लो म्याद थप समेत) | कार्यसम्पादन जमान तथा पेश्की जमानत सहित निवेदन पेश गर्नुपर्ने अन्तिम मिति | कार्यसम्पादन जमान तथा पेश्की जमानत जारी तथा पेश भएको मिति | सम्झौता रकम | क्षतिपुर्ति रकम | निर्माण व्यवसायीको नाम | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|
| कदमाहा खोलामा निर्माण हुने मोटेरवेल पुल शुरु सम्झौता अवधीः १९ महिना म्याद थपः २ महिना (२०८१।१। १५ सम्म) कार्यसम्पन्नः २०८१।३। २३ | २०८०।११। १७ | २०८०।१०।२७ | कार्यसम्पादनः ०८०।२।२५ विमाः ०८०।११। १६ | ९७०४७०७। | २९११४१। | श्री शान्ति निर्माण सेवा, सप्तरी | ६० दिन | |
| अर्गि खोलामा आर.सि.सि. पुल निर्माण शुरु सम्झौता अवधीः २५ महिना दोश्रो म्याद थपः ९ महिना (२०८०।१२। ३१ सम्म) तेश्रो म्याद थपः ११ महिना (२०८१।११। ३० सम्म) कार्यसम्पन्नः रनिङ्ग | २०८०।३।३० २०८०।१२। ३१ | २०८०।३।०९ २०८०।१२।१० | दोश्रो म्याद थपका लागिः निवेदन दर्ताः ४००२।०८०।३। १२ कार्यसम्पादनः ०८०।५।१९ विमाः ०८०।८। १९ तेश्रो म्याद थपका लागिः निवेदन दर्ताः २०५१।०८०।३। १२ कार्यसम्पादनः २०८१।९।४ विमाः छैन | ७८४९९७९८। | ७८४९९७९। | श्री ए.एन.के. कन्स्ट्रक्सन | अधिकतम १० प्रतिशत | |
| हनुमाननगर २५ शैया अस्पताल निर्माण शुरु सम्झौता अवधीः ९ महिना तेश्रो म्याद थपः ४६ | २०७८।३।३० | १३ औ संशोधनबमोजिम २०८०।११।२१ देखि ३ महिना (२०८१।२।२०) भित्र आवश्यक कागजात सहित निवेदन पेश गर्नुपर्ने | तेश्रो म्याद थपका लागिः निवेदन दर्ताः २०४४।०८०। १२।२ कार्यसम्पादनः २०८१।९।४ विमाः छैन | ४४०१३०२४। | ४४०१३०२। | श्री पाराडाइज। इनोभेटिभ जे. भी. | अधिकतम १० प्रतिशत | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| महिना (२०८२।१।३ सम्म)<br><br>कार्यसम्पन्नः रनिङ्ग | | | | | | | | |
| **जम्मा** | १२५४२४२२। | | | | | | | |

८४ **एजविल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) तथा कार्यालयको स्वीकृत बोलपत्र फारमको जि.सि.सि. र एस्.सि.सि. मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायी निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गरेमा मात्र अन्तिम बील भुक्तानी गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले यस वर्ष निर्माण सम्पन्न गरेको निम्न आयोजना निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन। तसर्थ कानुनी व्यवस्थाबमोजिम एजबिल्ट नक्सा पेश हुनुपर्ने रु

**बीमाः** सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैंयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमका तोकिएको कुराको बीमा गराउनुपर्ने उल्लेख छ। बि.ओ.क्यु. मा विमाको आइटम उल्लेख गरे पनि निर्माण व्यवसायीले तोकिए अनुसारको बीमा गराएको देखिएन । वीमा नगराई रनिङ बील भुक्तानी दिने कर्मचारीलाई जिम्मेवार बनाई नियममा भएको व्यवस्था बमोजिम संभावित जोखिम कम हुने गरी अविलम्ब बीमा गराउनुपर्दछ ।

| **निर्माण व्यवसायीको नाम** | **कार्य** | **रोक्का राख्ननुपर्ने रकम** | **कैफियत** |
|---|---|---|---|
| शान्ति निर्माण सेवा, सप्तरी | कदमाहा खोलामा निर्माण हुने मोटेरवेल पुल | नखुलेको | कानुन बमोजिम एजबिल्ट नक्सा पेश नभई अन्तिम भुक्तानी दिएको |

८५ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, निर्माण व्यवसायीबाट गरिने निर्माण कार्यको कतिपय लागत अनुमानमा निर्माण कार्यको परिमाण BOQ मा गुणस्तर परीक्षणको रकम समावेश नभएको र BOQ मा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको तथा उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

८६ **पारिश्रमिक कर**

आयकर ऐन २०५४ को दफा ८७ सँग सम्बन्धित अनुसूची १ बमोजिम रोजगारीको आयमा वार्षिक कर गणना गरि दाखिला गर्नुपर्नेमा देहायबमोजिमका कर्मचारीहरुको छुट भएको कर असूल गर्नुपर्ने रु ११०९४२।००

| क्र सं | नाम पद | करयोग्य आय | तिर्नुपर्ने कर | तिरेको कर (१% ) | छुट कर |
|---|---|---|---|---|---|
| 1. | पशु चिकित्सक चन्द्रेश्वर मण्डल | ७८१६२१ | २४१६२ | ७८१६ | १६३४५ |
| 2. | ईन्जिनियर श्याम सुन्दर मण्डल | ६८८७६३ | १४८७७ | ६८८७ | ७९९० |
| 3. | अधिकृत छैठौ राम कुमार यादव | ६४८५७६ | १०८५८ | ६४८६ | ४३७२ |
| 4. | अधिकृत छैठौ जय प्रकाश यादव | ६४८५७६ | १०८५८ | ६४८६ | ४३७२ |
| 5. | अधिकृत सातौ रिना पाल | ७१६९४५ | १७६९५ | ७१७० | १०५२५ |
| 6. | कविराज निरिक्षक प्रमोद कुमार पाल | ७२१२८८ | १८१२९ | ७२१३ | १०९१६ |
| 7. | अधिकृत छैठौ रामदेव यादव | ६६३३०० | १२३३० | ६६३३ | ५६९७ |
| 8. | अधिकृत छैठौ राजेश्वर प्रसाद राय | ६९३३०० | १५३३० | ६९३३ | ८३९७ |
| 9. | अधिकृत छैठौ बद्री शर्मा | ६५७३०० | ११७३० | ६५७३ | ५१५७ |
| 10. | अधिकृत छैठौ महेन्द्र प्रसाद राउत | ६५७३०० | ११७३० | ६५७३ | ५१५७ |
| 11. | अधिकृत छैठौ कृष्ण कुमार यादव | ६४५३०० | १०५३० | ६४५३ | ४०७७ |
| 12. | अधिकृत छैठौ उपेन्द्र प्रसाद साह | ६४५३०० | १०५३० | ६४५३ | ४०७७ |
| 13. | अधिकृत छैठौ योगेन्द्र प्रसाद कौडगिया | ६५७३०० | ११७३० | ६५७३ | ५१५७ |
| 14. | पब्लिक हेल्थ नर्श उर्वशी कुमारी यादव | ७४६५३८ | २०६५३ | ७४६५ | १३१८८ |
| 15. | पब्लिक हेल्थ नर्श प्रनिता कुमारी यादव | ६२६२७२ | ८६२७ | ६२६२ | २३६५ |
| 16. | पब्लिक हेल्थ नर्श रन्जु राई | ६३४९९५ | ९५०० | ६३५० | ३१५० |
| | | जम्मा | ११०९४२।०० | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१०,९४२ |

## संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरूजुको विवरण | रकम |
|---|---|---|
| १ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ ।<br>सरकारी खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को बुंदा नं१४ मा कार्यालयले विद्यमान जनशक्तिबाट सम्पादन हुने काम बाह्यबाट गराउन नपाउने व्यवस्था रहेको छ साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने तथा सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड २०७८ मा सार्वजनिक निकायको संयन्त्रबाट सम्पादन हुन सक्ने कार्य परामर्शदाताबाट गराउन नपाउने व्यवस्था रहेकोमा पालिकाले विभिन्न तालिम कार्यक्रमवापत अन्य संस्था तथा परामर्शदाता हरुलाई भुक्तानी गरेको देखिएको साथै कार्यक्रमको लागत अनुमान तयार नगरि सम्झौता गर्ने तथा तालिममा सहभागि लाभग्राहीहरुको छनौटको आधार समेत पेश नभएको र पालिकाको विषयगतशाखामा कर्मचारी हुदा समेत गैर सरकारी संस्थाबाट कार्य गराएको नियम सम्मत देखिएन । | ० |
| २ | ठेक्का नं EGP/NCB/MOHLI/BRIDGE/HNGR-03/80-81 को २०८०।१२।१५ मा निर्माण व्यवसायी श्री B.P./New Aashutosh/Amrendra JV, सँग २०८१।११।२९ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ३,६४,५३,३२१।भएको कार्य रु २,४१,१५,७५०। मा सम्झौता भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>कार्यमा ढिलाईः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ मा निर्माण व्यवसायी सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनुपर्ने र सार्वजनिक निकायले खरिद सम्झौताको कार्यान्वयनको सुपरीवेक्षण गर्नुपर्ने उल्लेख छ। तरनिर्माण व्यवसायीले कार्यमा गरेको ढिलाईका कारण शुरु सम्झौता अवधिमध्ये २०८१ आषाढ मसान्तसम्म३.५ महिना यर्थात ३० प्रतिशत समय बित्तिसक्दापहिलोरनिङ्ग बीलसम्म ५४७१८२७। यर्थात २२प्रतिशत मात्र कार्य भएको देखिन्छ। तसर्थ खरिद सम्झौता तथा पेश गरेको कार्य तालिका बमोजिम कार्यसम्पन्न नगरेको अध्यावधिक कार्यतालिका माग गरी समयमा कार्यसम्पन्न गराउनकार्यालयको ध्यान जानुपर्दछ।<br>पेस्कीः सार्वजनिक खरिद ऐनको दफा ५२(क) को(६) मा लिएको पेस्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको पेस्की अग्रिम बैङ्क जमानत जफत गरी लिनुपर्ने, Standard Bid Document को SCC को बुदाँ नं. ४८.३ मा मासिका कार्यसम्पादन प्रमाणको आधारमा पेस्की फछ्र्यौट गर्नुपर्ने र सार्वजनिक खरिद नियमावलीको नियम ११३(६)मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र नगरेको कारणले यस नियम बमोजिमको पेस्की फछ्र्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम(३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फछ्र्यौट गर्नुपर्नेतथा निजबाट त्यस्तो पेस्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीश्री वि.पि.।न्यू आशुतोष।अमलेन्द्र जे भीले पुल निर्माण गर्न गो.भौ.नं. १४ मिति २०८१।१।९ रु २१,००,०००। पेस्की लिएकोमा उक्त पेस्कीको जमानत अवधि २०८१।६।२७ मा समाप्त भइसकेको तथालेखापरीक्षणको समयसम्म कार्यतालिकाबमोजिम कार्य प्रगतीनभएकोले भुक्तानी दिएको पेस्की रकम अग्रिम बैङ्क जमानतबाट जफत गरी फर्छयौट गर्नुपर्दछ। | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी , हनुमाननगर कंकालिनी नगरपालिका , सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Harimohan sutihar | २०७९-५-२३ | २०८०-८-२६ |
| कार्यालय प्रमुख | Kishor kumar Ram | २०८०-१०-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Santosh Kumar Jha | २०७७-११-१३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १६,२९४,२४२ | ८,४५६,४२५ | ३,३१७,७७८.६ | ० | ० | १०,५४९,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३८,६१७,४४५.६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६,३७७,४२५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३२,२४०,०२०.६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८५४७२११४.७५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१८८१७३३७.७७ | **चालु खर्च** | ३३२६७७०८२.३६ |
| **प्रदेश सरकारबाट अनुदान** | ९७६२०००.० | **पूँजीगत खर्च** | १४५९०२०८०.५ |
| **राजश्व बाँडफाँट** | १०८९७०२७७.३९ | **वित्तीय/अन्य व्यवस्था** | ६४४८२०३.० |
| **आन्तरिक आय** | १४४१८०७१.८४ | | |
| **अन्य आय** | ७६००१५१.४८ | | |
| **कुल आय** | ४५९५६७८३८.४८ | **कुल खर्च** | ४८५०२७३६५.८६ |
| **बाँकी मौज्दात** | | ६००१२५८७.३७ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुन्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।